YEARS OF SHARED GROWTH

# बाइसौं वार्षिक प्रतिवेदन २०७८/२०७९

लक्ष्मी बैंक लिमिटेड

Laxmi Bank Limited

# सञ्चालक समिति



**रमण नेपाल**
अध्यक्ष



**दिनेश पौड्याल**
सञ्चालक
(संस्थापकको तर्फबाट)



**डा. मनिष थापा**
सञ्चालक
(संस्थापकको तर्फबाट)



**स्वाती रुङ्गटा**
सञ्चालक
(सर्वसाधारणको तर्फबाट)



**विद्या बस्न्यात**
स्वतन्त्र सञ्चालक

**अजय विक्रम शाह**
प्रमुख कार्यकारी अधिकृत

**पियूष राज अर्याल**
कम्पनी सचिव

# लक्ष्मी बैंक लिमिटेडको बाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०७९ साल पौष महिना ६ गते बुधबार तदनुसार २१ डिसेम्बर २०२२ मा बसेको बैंकको २६४औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार बैंकको बाइसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## १. सभा हुने मिति, स्थान र समय

**मिति** : २०७९ साल पौष महिना २८ गते बिहीबार (१२ जनवरी २०२३)

**स्थान** : अग्रवाल भवन, कमलपोखरी, काठमाडौं।

**समय** : बिहान ११ बजे।

## २. छलफलका बिषयहरुः

### (क) सामान्य प्रस्ताव

(१) बाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७९/०८० को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरिक्षक श्री पि.के.एफ. टि.आर.उपाध्या एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

### (ख) विशेष प्रस्ताव

(१) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने।

### (ग) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

(१) बाइसौं वार्षिक साधारण सभाको लागि बैंकको शेयर दाखिल खारेजको काम **२०७९ साल पौष महिना १५ गते शुक्रबार (३० डिसेम्बर २०२२)** बन्द रहनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९/०९/१५ भन्दा अघिल्लो दिन सम्म कारोवार भई मिति २०७९/०९/२१ गते कार्यालय समय भित्रमा बैंकको शेयरधनी कितावमा कायम शेयरधनीहरुले सो सभामा माग लिन योग्य हुनेछन् ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहित बैंकको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु बैंकको रजिष्टर्ड कार्यालय, हात्तिसार काठमाडौंमा र शेयर रजिष्ट्रार श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ। वार्षिक प्रतिवेदनको प्रति बैंकको वेबसाइट www.laxmibank.com मा समेत उपलब्ध हुनेछ।

(३) सभामा भाग लिनका लागि प्रतिनिधि (Proxy) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात २०७९/०९/२६ गते बिहान ११ बजे भित्र श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नयाँ बानेश्वर, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ। प्रतिनिधिपत्र (Proxy Form) प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा हुनु पर्नेछ।

(४) कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज बैंकको शेयरधनी नभएपनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ। यसरी प्रतिनिधि पठाउंदा सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंक वा शेयर रजिष्ट्रारलाई लिखित रुपमा जानकारी गराई सक्नुपर्नेछ।

(५) सभामा भाग लिन प्रतिनिधि (Proxy) प्राप्त गर्ने शेयरधनीले कूल बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढी प्रोक्सी दर्ता गरेको भएमा आफूले लिएको शेयर सहित १५ प्रतिशत भन्दा बढी मतको गन्ती गरिने छैन।

(६) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (Proxy) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः वदर हुनेछ। तर प्रतिनिधि (Proxy) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (Proxy) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (Proxy) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (Proxy) ले सभामा भाग लिन पाउने छ, यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (Proxy) स्वतः वदर भएको मानिनेछ।

(७) प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैंसंग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन, सबै शेयरका लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नुपर्दछ। प्रतिनिधि मुकरर गर्ने शेयरधनी स्वयम् सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ। एक भन्दा वढी व्यक्तिलाई आधा-आधा वा अरु कुनै किसिमबाट छुट्याएर दिएमा समेत उक्त प्रोक्सी बदर हुनेछ।

(८) एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता भएको अवस्थामा सर्वसम्मतबाट चयन भएको एकजना प्रतिनिधिले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन पाउनेछ।

(९) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा शेयर प्रमाणपत्र वा शेयरधनी नं. र परिचय खुल्ने कागजात वा बैंकको शेयर अभौतिकरण गरेको देखिने अभौतिकरण खाता (DMAT Account) को विवरण (BOID Statement) सहित उपस्थित भई त्यहां रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ।

(१०) साधारण सभा सम्बन्धी विस्तृत विवरण बैंकको web site: www.laxmibank.com मा उपलब्ध छ।

**लक्ष्मी बैंक लिमिटेड**
केन्द्रीय कार्यालय
हात्तिसार, काठमाडौं, पो.ब.नं १९५९३
फोन नं. ४४४४६८४/८५

# वित्तीय झलक

## चुक्ता पुँजी (रु दश लाखमा)




## कूल सम्पत्ति (रु दश लाखमा)




नेट वर्थ (रु दश लाखमा)
18,000
16,000
14,000
12,000
10,000
8,000
6,000
4,000
2,000
-
11,169
12,650
13,975
16,897
16,941
आषाढ २०७५
आषाढ २०७६
आषाढ २०७७
आषाढ २०७८
आषाढ २०७९


कर्जा (रु दश लाखमा)
140,000
120,000
100,000
80,000
60,000
40,000
20,000
-
आषाढ २०७५
आषाढ २०७६
आषाढ २०७७
आषाढ २०७८
आषाढ २०७९


निक्षेप (रु दश लाखमा)
160,000
140,000
120,000
100,000
80,000
60,000
40,000
20,000
-
आषाढ २०७५
आषाढ २०७६
आषाढ २०७७
आषाढ २०७८
आषाढ २०७९


सञ्चालन मुनाफा (रु दश लाखमा)
2,500
2,000
1,500
1,000
500
-
२०७४/७५
२०७५/७६
२०७६/७७
२०७७/७८
२०७८/७९

# खुद मुनाफा (रु दश लाखमा)




# शाखा तथा एटिएम संख्या




निष्क्रिय कर्जा अनुपात
1.29%
1.11%
1.04%
0.75%
0.89%
आषाढ २०७५
आषाढ २०७६
आषाढ २०७७
आषाढ २०७८
आषाढ २०७९


कर्मचारी संख्या
750
1,018
1,101
1,283
1,402
आषाढ २०७५
आषाढ २०७६
आषाढ २०७७
आषाढ २०७८
आषाढ २०७९

# विषयसूची

| | |
|---|---|
| सञ्चालक समितिको प्रतिवेदन | ११ |
| लेखापरिक्षकको प्रतिवेदन | २५ |
| वित्तीय अवस्थाको एकीकृत विवरण | ३१ |
| एकीकृत नाफा नोक्सान विवरण | ३३ |
| एकीकृत अन्य विस्तृत आम्दानीको विवरण | ३४ |
| इक्विटीमा भएको परिवर्तनको एकीकृत विवरण | ३५ |
| एकीकृत नगद प्रवाह विवरण | ३९ |
| वित्तीय विवरणका अनुसूचीहरु | ४१ |
| वित्तीय विवरण प्रकाशन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति पत्र | १२९ |
| नेपाल राष्ट्र बैंकको निर्देशनउपर व्यवस्थापनको जवाफ | १३० |

# बाइसौं वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन

## आर्थिक बर्ष २०७८/७९

**आदरणीय शेयरधनी महानुभावहरु,**

आर्थिक वर्ष २०७८/७९ आर्थिक तथा वित्तीय हिसाबले उतारचढावपूर्ण रहयो। कोभिड-१९ महामारी मत्थर हुँदै अर्थतन्त्र पुनरुन्थानको संकेत देखिएता पनि रुस र युक्रेनबीच युद्ध प्रारम्भ भई विश्वव्यापी रुपमा आर्थिक गतिविधिहरु प्रभावित हुन पुग्यो। पेट्रोलियम पदार्थ र खाद्य वस्तुको मूल्यमा उल्लेख्य वृद्धि भएको छ भने विश्व व्यापार गतिविधि तथा पुँजी प्रवाह प्रभावित भएको छ। नेपालकै सन्दर्भमा समेत चालु खाता घाटा बढ्न गई विदेशी मुद्रा सञ्चितिमा दवाब पर्न गई बैंकिङ्ग प्रणालीको तरलतामा चाप परेको कारण ब्याजदरमा वृद्धि भएको छ। फलस्वरुप बैंकिङ्ग प्रणाली थप चुनौतिपूर्ण हुँदै गइरहेको छ। एकातिर लगानीयोग्य रकमको अभावका कारण ग्राहकको नियमित कर्जा मागलाई सम्बोधन गर्न अप्ठ्यारो परेको छ भने प्रतिकूल आर्थिक परिस्थितिका कारण कर्जा असुलीमै समस्या समेत उत्पन्न भएका छन्।

यस परिपेक्षमा बैंकले गरेको प्रगति र उपलब्धि, बैंक सञ्चालनमा देखिएका चुनौतिहरु, समग्र बैंकिङ्ग कारोबारको समिक्षा र पुनरावलोकन गर्न कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही तयार गरिएको यो प्रतिवेदन सञ्चालक समितिको तर्फवाट बैंकको बाइसौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको छ।

### १. विगत वर्षको कारोवारको सिंहावलोकनः

**(क) प्रमुख सूचकाङ्कः**

आर्थिक बर्ष २०७८/०७९ को बैंकको आर्थिक विवरण र प्रमुख सूचाङ्कहरु देहाय बमोजिम रहेका छन्ः

*(रकम रु. हजारमा)*

| शीर्षक | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ | बृद्धि प्रतिशत |
|---|---|---|---|
| शेयर पूँजी | १,१५,५१,३४५ | १,०६,९५,६९० | ८.०० |
| नेट वर्थ | १,६९,४१,०१७ | १,६८,९६,७६१ | ०.२६ |
| निक्षेप | १३,९९,४५,२५१ | ११,७०,१३,१२१ | १९.६० |
| कर्जा | १३,२५,६८,६०० | १०,८६,५४,९१४ | २२.०१ |
| लगानी | १,८४,१९,७५९ | १,६२,३९,६२७ | १३.४२ |
| सञ्चालन मुनाफा | २१,५४,११९ | २३,३६,०८९ | (३.६७) |
| कर पछिको खुद नाफा | १५,१३,४५३ | १५,७५,७६० | (३.९५) |

**(ख) शाखा विस्तारः**

आ.व. २०७८/७९ तथा चालु आ.व. समेतमा गरी बैंकले आफ्नो शाखा सञ्जाल विस्तार गरी ५० जिल्लामा १४३ शाखा, ५ अस्पताल सेवा काउन्टर तथा १४ विस्तारित काउन्टर पुऱ्याएको छ। बैंकको सेवाहरुलाई अझ चुस्त तथा सरल रुपमा समन्वय तथा सञ्चालन जोखिमलाई अझ प्रभावकारी रुपमा व्यवस्थापन गर्न बैंकले सातै प्रदेशमा प्रादेशिक कार्यालय समेत स्थापना गरेको छ। साथै संघीय संरचना अनुसार तय भएका सम्पूर्ण स्थानीय तहमा वाणिज्य बैंकको शाखा खोल्ने सरकारको नीतिलाई समेत सहयोग पुऱ्याउन बैंकिङ्ग सुविधा नपुगेको १८ वटा स्थानिय तहहरुमा शाखा स्थापना गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा समेत आफ्नो उपस्थिति जनाएको छ। यी स्थानिय तहका शाखाहरुको माध्यमबाट बैंकले ग्रामीण विकास र सामाजिक सुरक्षाका लागि सरकारी खर्चको परिचालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ। साथै बैंकले सप्तरी, धनुषा, महोत्तरी तथा सिराहा जिल्लाको जिल्ला अदालतको राजश्व संकलनका लागि राजश्व काउन्टर स्थापना गरेको छ। आगामी दिनमा समेत थप शाखा तथा काउन्टरहरु विस्तार गर्दै बैंकले देशका ग्रामिण तथा शहरोन्मुख क्षेत्रमा बैंकिङ सेवा प्रदान गर्ने क्रममा रहेको छ। यसबाट अधिकतम ग्राहकहरुलाई समेटी खुद्रास्तरको निक्षेप संकलन, सेवाग्राही समक्ष भुक्तानी सेवाको सहजता, रिटेल बैंकिङ्ग सेवाको विस्तार र स्थानीय ग्राहक सुविधामा बृद्धि गर्ने अपेक्षा रहेको छ।

## (ग) कार्ड तथा ATM सेवा :

बैंकले नेपालभरमा १७९ वटा ATM मार्फत सेवा प्रदान गर्दै आएको छ। बैंकले VISA Debit तथा Credit कार्ड जारी गर्दै ग्राहकरुलाई सुविधा पुऱ्याउँदै आएको छ। बैंकले Chip Based Card को विश्वव्यापि मापदण्ड पूरा गरी कार्ड सेवालाई अझ आधुनिक र सुरक्षित बनाउन Chip Based VISA कार्ड जारी गर्नुका साथै डेबिट तथा क्रेडिट कार्डहरुमा Near Field Communications (NFC) प्रविधिमा आधारित Contactless Card सुविधा उपलब्ध गराएको छ। यसको अतिरिक्त विदेशमा भ्रमण गर्ने ग्राहकहरुको सहजताको लागि Dollar Travel Card तथा अनलाइन माध्यमबाट विदेशी सेवा तथा वस्तु खरिद गर्न सकिने गरी Prepaid Dollar Card सुविधा प्रदान गर्दै आएको छ। यसै वर्षबाट बैंकले Visa Direct Service को माध्यमबाट कार्डमा सिधै विदेशबाट विप्रेषण प्राप्त हुने सुविधा सञ्चालनमा ल्याएको छ। बैंकको कार्ड सेवालाई परिष्कृत तथा आधुनिक बनाउँदै जाने प्रयासको सह्राहना स्वरुप Visa International ले बैंकलाई “Excellence in Product Innovation 2022” बाट पुरष्कृत गरेको छ।

बैंकको कार्ड तथा इलेक्ट्रोनिक रकमान्तर सेवालाई अझै विस्तारित, सुरक्षित र आधुनिक बनाउन बैंकको Electronic Fund Transfer ( EFT) स्वीच स्तरोन्नतिको काम सम्पन्न भएपश्चात बैंकले प्रदान गर्ने डिजिटल पेमेन्ट सेवाको दायरा विस्तार भएको छ। यसका साथै Point of Sales (POS) मर्चेन्टहरु थप गरी विद्युतीय भुक्तानीको दायरालाई थप विस्तार गर्न सहयोग पुगेको छ।

साथै बैंकले विश्वमै सबैभन्दा बढी कार्ड प्रयोगकर्ता भएको Union Pay International सँग साझेदारी गरी बैंकको एटिएम तथा POS मा Union Pay कार्ड प्रयोग गर्न सकिने व्यवस्था गरेको छ।

## (घ) विप्रेषणः

विप्रेषण सेवालाई विगत बर्षहरुको तुलनामा अझ सशक्त बनाउने अभिप्रायले बैंकले यस सम्बन्धि कार्यको लागि छुट्टै Master Agent नियुक्त गरी सो Agent मार्फत प्रभाबकारी रुपमा विप्रेषण सेवालाई निरन्तरता दिएको छ। उक्त Master Agent को मातहतमा अन्य Agent, Sub–Agent हरु नियुक्त भई हालसम्म मध्यपूर्व एशियाको साउदी अरेविया, यू.ए.ई., ओमन लगायत  भारत र अमेरिकासम्म यो सेवा विस्तार भइसकेको छ। विप्रेषण सेवालाई प्रभावकारी बनाउन बैंकले उल्लेखित मुलुकहरुका करिव १३ वटा अन्तर्राष्ट्रिय साझेदारहरु संग सहकार्य गरी सेवा दिँदै आएको छ। साथै अष्ट्रलिया, संयुक्त अधिराज्य लगायतका मुलुकहरुमा समेत रेमिट्यान्स साझेदार नियुक्त गर्ने प्रक्रिया अगाडि बढाएको छ।

## (ङ) मोबाइल बैंकिङ्गः

अत्याधुनिक बैंकिङ्ग सेवाको विस्तारलाई निरन्तरता दिने क्रममा बैंकले मोबाईल बैंकिङ्गलाई थप आधुनिक तथा सुरक्षित बनाउन मोबाइल मनि (Mobile Money) एपलाई अझ परिस्कृत गर्दै लगेको छ। यस एपको प्रयोगबाट ग्राहकहरुले इन्टरनेटको माध्यमबाट सुरक्षित प्रविधि अपनाई आफ्नो खाताबारे जानकारी लिने, अर्को खातामा रकमान्तर गर्ने, मुद्दति निक्षेप खोल्ने, कार्ड Disable गर्ने, घरेलु उपभोग्य सेवाको बिल भुक्तानी गर्ने तथा रिचार्ज गर्ने, मर्चेन्ट भुक्तानी गर्ने, आन्तरिक रेमिटयान्स गर्ने लगायतका बैंकिङ्ग सुविधाहरु उपयोग गर्न सक्छन्। ग्राहकहरुलाई मोबाइल बैंकिङ्गकै माध्यमबाट अधिकतम सेवा उपलब्ध गराउने उद्देश्यले मोबाइल बैंकिङ्ग एपबाटै सहजै कर्जा प्राप्त हुने गरी कबचतीयबल सुविधा समेत प्रदान गर्दै आएको छ। यसैलाई थप परिष्कृत गदै Buy Now Pay Later (BNPL) सुविधा समेत प्रदान गर्न सुरु गरेको छ।

विद्युतिय रकमान्तरको क्षेत्रमा लोकप्रिय हुँदै गएको Quick Response (QR) सेवालाई थप विस्तार गर्दै बैंकले २७,००० भन्दा बढी व्यवसायीहरुलाई QR मर्चेन्टको रुपमा संलग्न गरेको छ। यसै सिलसिलामा बैंकले काठमाडौं गोंगबुस्थित बसपार्क काउन्टरमा QR बाट टिकट खरिद गर्न सकिने सेवाको सुरुवात गरेको छ।

## (च) साना व्यवसायी कर्जाः

बैंकले साना व्यवसायी तथा उद्यमीहरुलाई लक्षित गरेर सञ्चालन गरेको साना व्यवसायी कर्जा सेवा साना तथा मध्यम व्यवसायीहरु माझ निकै लोकप्रियता हासिल गर्न सफल भएको छ। सरल रुपमा कर्जा उपलब्ध हुनाले साना तथा मध्यम व्यवसायीहरुमाझ बैकको बजार दायरा बढाउन यो सेवा उपयोगी रहेको छ। यो सेवालाई अझ विस्तार गर्दै लैजाने बैंकको योजना रहेको छ।

## (छ) ग्रामिण, विपन्न वर्ग तथा लघु उद्यम कर्जाः

बैंकले न्युन आय भएका ग्राहकहरुको जिवनस्तर उत्थानका लागि विभिन्न उपयोगी कर्जा योजनाहरु ल्याएको छ। विपन्न वर्गसम्म बैंकिङ्ग पहुँच पुऱ्याउने नेपाल राष्ट्र बैंकको नीतिलाई समेत अवलम्बन गरी यस्ता कर्जाको विस्तारका लागि छुट्टै लघुवित्त इकाईको सञ्चालन गरेको छ। यस अन्तर्गत बैंकले लक्ष्मी कृषि कर्जा, उखु कर्जा, न्यून लागत आवास कर्जा, लक्ष्मी लघुकर्जा जस्ता उपयोगी र सरल कर्जा योजनाहरु ल्याएको छ। नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कूल कर्जा तथा सापटको न्युनतम ५.० प्रतिशत विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७९ आश्विन मसान्तमा बैंकको विपन्न वर्गमा प्रवाहित कर्जा कूल कर्जाको ७.८९ प्रतिशत रहेको छ।

वैदेशिक रोजगारीमा संलग्न कामदारहरुबाट प्राप्त हुने विप्रेषणलाई वित्तीय दायराभित्र ल्याई आयमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गर्न बैंकले UKaid Skills for Employment (सीप) सँगको सहकार्यमा API मा आधारित प्रविधिको माध्यमबाट सहुलियतपूर्ण कर्जा लगायत विभिन्न वित्तीय सेवाहरु प्रदान गर्ने तथा वैदेशिक कामदार एवम् तिनका परिवारहरुलाई वित्तीय साक्षरता एवं सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गर्ने कार्यक्रम सञ्चालनमा ल्याएको छ। यसअन्तर्गत हालसम्म ४ हजार २ सयभन्दा बढी ग्राहकहरुलाई करिब रु ६६ करोड भन्दा माथि कर्जा प्रवाह भइसकेको छ।

**(ज) सहुलियत कर्जा**

कृषि तथा पशुपंक्षीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकारले लागू गरेको "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" को अधिनमा रही बैंकले विविध व्यवसाय सञ्चालन गर्नका लागि व्यवसायीहरुलाई सरल किस्ताबन्दीमा सहुलियतपूर्ण व्याजदरमा व्यवसायिक कर्जा सेवा प्रदान गर्दै आएको छ। यो सेवा अन्तर्गत प्रवाहित कर्जामा नेपाल सरकारले २ देखि ६ प्रतिशतसम्म व्याज अनुदान उपलब्ध गराउँदै आएको छ। यस अन्तर्गत कृषि तथा पशुपंक्षी व्यवसायीहरुलाई व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा, शिक्षित बेरोजगार युवाहरुका लागि युवा स्वरोजकार कर्जा, विदेशबाट फर्किएका युवाहरुको लागि युवा उद्यमी कर्जा, महिला उद्यमीहरुका लागि महिला उद्यमी कर्जा, दलित तथा पिछडिएका समुदायको परम्परागत सीप र पेशालाई आधुनिकिकरण एवं प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न उद्यमी विकास कर्जा, आर्थिक रुपमा विपन्न तथा सीमान्नकृत समुदाय र लक्षित वर्गका विद्यार्थीहरुलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि शैक्षिक कर्जा तथा भुकम्पपिडितहरुको निजी आवास निर्माणका लागि घर कर्जा समेत गरी विभिन्न कर्जा योजनाहरु सहुलियतपूर्ण व्याजमा उपलब्ध गराउँदै आएको छ। यी कर्जाहरुका माध्यमबाट करिब १० हजारभन्दा बढी ग्राहकहरुले सहुलियत दरमा रु ५ अर्बभन्दा बढी रकम बराबरको विभिन्न कर्जा सुविधा प्राप्त गरिसकेका छन्।

**(झ) बैंकका सहायक कम्पनीहरुको गतिविधीः**

**१. लक्ष्मी क्यापिटल मार्केट लिमिटेडः**

बैंकको सहायक कम्पनी लक्ष्मी क्यापिटल मार्केट लिमिटेडले नेपाल धितोपत्र वोर्डबाट लगानी व्यवस्थापन, शेयर रजिष्ट्रार, शेयर निष्काशन तथा बिक्री प्रवन्धक र धितोपत्र प्रत्याभूति सेवाहरु प्रदान गर्न स्वीकृति प्राप्त गरी प्रधान कार्यालय नयाँ बानेश्वर, काठमाडौंका अतिरिक्त बाँकेको नेपालगञ्ज र रुपन्देहीको बुटवलस्थित शाखाहरुबाट आफ्नो कारोबार सञ्चालन गर्दै आएको छ। हाल यस कम्पनीले लगानी व्यवस्थापन सेवा र विविध Financial/Stock सम्बन्धी advisory सेवा र Research Report/Industry Analysis लगायतका कार्यहरु गर्दै आएको छ। त्यसैगरी यस कम्पनीले सिडिएस एण्ड क्लियरिङ लिमिटेडबाट स्विकृति लिएर Depository Participant को रुपमा ग्राहकहरुको D-MAT खाता खोली सेवा प्रदान गर्दै आएको छ।

लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको संक्षिप्त वित्तीय झलक निम्न बमोजिम रहेको छ :

*(रकम रु. हजारमा)*

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| शेयर पूँजी | २,७०,००० | २,७०,००० |
| नेट वर्थ | ३,२०,७३५ | ३,२४,४७८ |
| खुद मुनाफा | ३६,०९१ | ५१,२९३ |
| प्रतिशेयर आम्दानी (रु) | १३.३७ | १९.०० |
| नगद लाभांश | ७.००% | १५.००% |
| बोनस शेयर | ७.००% | - |

लक्ष्मी क्यापिटल मार्केट लिमिटेडले योजना व्यवस्थापक रही लक्ष्मी म्युचुअल फण्ड अन्तर्गत रु १ अर्ब २५ करोड मूल्य बराबरको लक्ष्मी इक्विटि फण्ड तथा रु ६५ करोड २६ लाख मूल्य बराबरको लक्ष्मी उन्नति कोष नामका म्युचुअल फण्ड योजनाहरु सञ्चालन गरेको छ। सो योजनाहरुमा लक्ष्मी बैंकको कोष प्रवर्द्धकको रुपमा बीज पूँजी लगानी रहेको छ। आ.व. २०७८/७९ मा लक्ष्मी इक्विटि फण्ड ले ५% नगद लाभांश तथा लक्ष्मी उन्नति कोषले ५% नगद लाभांश प्रदान गरेको छ। साथै चालु आर्थिक वर्षमा कम्पनीले पहिलो खुल्लामुखी म्युचुअल फण्ड योजना शुभ लक्ष्मी कोष जारी गरेको छ।

आफ्नो व्यवसायलाई विविधिकरण गर्ने उद्देश्यले सो कम्पनीले विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम प्राइभेट इक्विटि फण्ड तथा भेन्चर क्यापिटल फण्ड सञ्चालनका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी पहिलो प्राइभेट इक्विटि फण्ड योजना निष्काशनका लागि प्रकृया अगाडि बढाएको छ।

२. लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड ः

बैंकले लघु वित्त कार्यक्रमलाई सशक्त र विस्तारित रुपमा अगाडी बढाउनको लागि लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड नामक सहायक कम्पनी स्थापना गरी आफ्नो कारोबार गर्दै आएको छ। काठमाडौं महाराजगञ्जमा रहेको आफ्नै भवनमा केन्द्रिय कार्यालय रहेको संस्थाले हाल आफ्नो ९१ वटा शाखाहरु मार्फत सेवा प्रबाह गरिरहेको छ।

लक्ष्मी लघुवित्त वित्तीय संस्थामा बैंकको ७० प्रतिशत शेयर स्वामित्व रहेको छ भने ३० प्रतिशत सर्वसाधारणको लगानी रहेको छ। गत आर्थिक वर्षमा संस्थाको वित्तीय कारोबारको संक्षिप्त स्थिति निम्नबमोजिम रहेको छ ः

*(रकम रु. हजारमा)*

| विवरण | आषाढ मसान्त २०७९ | आषाढ मसान्त २०७८ |
|---|---|---|
| शेयर पूँजी | ३,८५,०५४ | ३,२०,०४५ |
| नेट वर्थ | ८,२८,२३६* | ६,८४,०३३ |
| कर्जा सापट | ७८,२०,८०९ | ६१,६३,६६१ |
| वचत निक्षेप | २५,५२,५०६ | २०,६९,०५८ |
| सञ्चालन मुनाफा | २,३७,९१५* | ३,०६,६३६ |
| खुद मुनाफा | १,६२,७३०* | १,९२,८८० |
| प्रतिशेयर आम्दानी (रु) | ४२.४७* | ६०.२७ |
| बोनस शेयर प्रतिशत | घोषणा हुन बाँकी | २०% |
| नगद लाभांश प्रतिशत | घोषणा हुन बाँकी | ७.३६% |

*व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण बमोजिम

**(ञ) अन्य शेयर लगानीः**

सहायक कम्पनीहरुका अतिरिक्त बैंकले अन्य विभिन्न संगठित संस्थाहरुका साथै जीवन तथा निर्जिवन बिमा कम्पनी तथा सामूहिक लगानी कोष जस्ता विविध वित्तीय क्षेत्रहरुमा शेयर लगानी गरेको छ। बैंकको हालको शेयर लगानी तथा त्यसबाट प्राप्त लाभ मुलुकको समग्र आर्थिक अवस्था बमोजिम सन्तोषप्रद रहेको हाम्रो धारणा छ। बजारको सम्भाव्यता हेरी नियामकिय व्यवस्थाको अधिनमा रही मध्यकालिन तथा दिर्घकालिन योजना अन्तर्गत विभिन्न सूचीकृत तथा बजारयोग्य स्टक उपकरणहरुमा लगानी गर्ने क्रम जारी राखेका छौं।

**(ट) अन्य सेवाहरु ः**

बैंकले आधुनिक र समय सापेक्ष सेवा प्रदान गर्ने आफ्नो निति अनुरुप नयाँ वचत योजनाहरु, कर्जा सुविधासंग सम्वन्धित सेवा, Trade Finance, Digital Banking, Digital Payments तथा अन्य आधुनिक युग सुहाउदो सूचना तथा प्रविधिसंग सम्वन्धित सुविधाहरु प्रदान गर्दै आएको छ। ग्रामिण क्षेत्रसम्म बैकिङ्ग सेवालाई विस्तार गर्न शाखा रहित बैंकिङ्गलाई **पाइला** को नामबाट निरन्तरता दिइएको छ।

बैंकको बचत खातामा ग्राहकहरुको पहुँच सरल बनाउने उद्देश्यले ग्राहकले बैंकमा उपस्थित नै नभई अनलाइन खाता खोल्ने सेवा **Ctrl + O** तथा अनलाइनबाटै ग्राहक पहिचान विवरण पेश गर्न सकिने **Video KYC** सेवा सञ्चालनमा ल्याएको छ। यसबाट बैंक खाता खोल्नकै लागि बैंकसम्म पुग्नुपर्ने बाध्यताको अन्त्य भएको छ भने बैंक शाखा नपुगेको स्थानका वासिन्दाका साथै विदेशमा रहेका ग्राहकहरुले समेत खाता खोल्न तथा ग्राहक पहिचान विवरण अध्यावधिक गर्न मद्दत पुग्ने छ। यसले आधुनिक प्रविधिको प्रयोग तथा कागजरहित बैंकिङ्गलाई समेत बढावा पुग्ने छ।

प्रविधिको प्रयोगबाटै कागजरहित बैकिंगको माध्यमबाट वातावरण संरक्षणमा योगदान पुर्‍याउने उद्देश्यले Orange Loves Green को अवधारणा अन्तर्गत **Green Savings 2.0** खाता सञ्चालनमा ल्याएको छ। यो खाताको सञ्चालन पूर्ण रुपमा डिजिटल माध्यमबाट गर्न सकिन्छ। प्रत्येक Green Savings 2.0 खाता वापत बैंकले एक रुख रोप्ने र यस खातामा जम्मा भएको मौज्दात दिगो विकास लक्ष्यअन्तर्गत पर्ने नवीकरणीय उर्जा, हरित यातायात, कृषि, वनविज्ञान, फोहोर व्यवस्थापन, हरितगृह ग्यास नियन्त्रणलगायतका क्षेत्रमा लगानी गर्ने बैंकको योजना रहेको छ।

यसै वर्षबाट बैंकले ग्राहकलाई मुद्दति निक्षेपमा अधिकतम प्रतिफल प्रदान गर्ने उद्देश्यले निश्चित अवधिमा मुद्दति रकमको २ देखि ८ गुणासम्म प्रतिफल प्राप्त हुने **अष्टलक्ष्मी मुद्दति खाता** योजना ल्याएको छ। साथै विदेशमा आर्जन गरेको पूँजीलाई स्वदेशमा परिचालन गर्न चाहने गैर-आवासिय नेपालीहरुका लागि बैदेशिक मुद्रामा **NRN Term Deposit** खाता सञ्चालनमा ल्याउनुका साथै विप्रेषण आयलाई बैंकिङ्ग प्रणालीमा आकर्षित गर्न थप ब्याजदर सहित **श्री लक्ष्मी बचत** खाता सञ्चालनमा ल्याएको छ।

(ठ) **अन्य**

- वातावरण संरक्षण तथा दिगो विकासका लक्ष्यप्रतिको प्रतिबद्धतालाई थप बल पुर्‍याउँदै बैंक यसै वर्ष **Partnership for Carbon Accounting Financials (PCAF)** मा आबद्ध भएको छ। विश्वभर व्यापक रुपमा अवलम्बन गरिएको यस अवधारणा अन्तर्गत बैंकले आफ्नो सञ्चालनका क्रममा उत्सर्जन हुने हरितगृह ग्यासको accounting तथा disclosure गर्ने छ। यसबाट बैंकको कार्यसञ्चालनबाट जलवायु परिवर्तनमा पर्ने असरप्रति बैंक थप सजग भई सुधारात्मक तथा नियन्त्रणमूलक कदम चाल्न थप प्रोत्साहन हुन गई सन् २०४५ सम्ममा Net Zero Emission कायम गर्ने COP26 प्रति नेपालको राष्ट्रिय प्रतिबद्धतालाई समेत सहयोग पुग्नेछ।

  यसका अलावा बैंकको कार्यसञ्चालनबाट वातावरण तथा समुदायमा पर्ने असरलाई दृष्टिगत गरी आवश्यक नीतिहरु तर्जुमा गर्ने, सञ्चालन प्रकृयामा परिमार्जन गर्नेलगायतका कार्यहरु गर्न बैंकले आन्तरिक रुपमा Environmental, Social and Governance (ESG) Committee गठन गरेको छ।

- बैंकको आन्तरिक सञ्चालन पद्धतिलाई छरितो बनाउनका लागि **Business Process Re-engineering (BPR)** तथा Digitization तथा Automation तर्फ विशेष ध्यान पुर्‍याउदैं विभिन्न प्रविधिहरु उपयोगमा ल्याइएको छ। यसै सिलसिलामा कर्जा प्रक्रियाको सरलीकरणका लागि **GreenPro**, प्रतितपत्र जारी गर्ने, संशोधन गर्ने, भुक्तानी गर्ने लगायतका अन्तराष्ट्रिय व्यापारको कार्यलाई digitize तथा automate गर्न **TradeSmart**, मानव संशाधन विभागअन्तर्गतका attendance, leave, travel, task management, performance appraisal, payroll management लगायतका कार्यहरु integrate गर्न **Human Resource Management System**, आन्तरिक लेखापरीक्षणको योजना तर्जुमा, कार्यसम्पादन तथा सूचना प्रकृयालाई digitize तथा automate गर्न **Audit Management System** जस्ता प्रविधिको प्रयोगको सुरुवात गरेको छ। साथै नियमित प्रकृतिका कार्यहरुलाई स्वचालित प्रविधिमा लग्दै समय र लागत कम गर्नुका साथै थप छरितो कार्यसम्पादन गर्ने उद्देश्यले अत्याधुनिक प्रविधिमा आधारित **Robotic Process Automation (RPA)** को प्रयोगलाई सुचारु राखेको छ। यस प्रविधिबाट सफ्टवेयर रोबोट (बोट) ले विभिन्न डिजिटल प्रणालीसँग सूचना आदानप्रदान गर्ने, सूचना प्रशोधन गर्ने लगायतका कार्यहरु सहजताका साथ सम्पन्न गर्न सक्दछ।

- **API Banking** को माध्यमबाट डिजिटल प्रविधिको प्रयोग बढाउने रणनीतिबमोजिम बैंकले **LxBConnect** नामक API Developer प्लाटफर्म घोषणा गरी फिन्टेक, स्टार्टअप तथा डेभलपरहरुसँग खाता व्यवस्थापन, वित्तीय तथा गैरवित्तीय सेवाको लागि साझेदारीको पहल गरेको छ।

- बैंकको Mission तथा Values को अधीनमा रही ग्राहक सम्बन्ध तथा बजार उपस्थिति तथा समग्र ब्राण्डलाई सबल, सुदृढ र सुसंगत बनाउन मार्गदर्शन प्रदान गर्न Brand Vision 2030 तर्जुमा गरेको छ।

- बैंकले डिजिटल रकम ट्रान्सफर तथा भुक्तानी सेवालाई अझ विस्तार गर्दै ग्राहकहरुको सुविधाका लागि Connect IPS, Fonepay, eSewa, VISA, Mastercard, nPay, Khalti, CellPay, Union Pay लगायतका सेवा प्रदायकहरुसँग साझेदारी गर्दै आएको छ।

- बैंकको बढ्दो आकार र कर्मचारी संख्यालाई ध्यानमा राखी केन्द्रिय कार्यालयका केही विभागहरु स्थानान्तरण हुने गरी हात्तीसार काठमाडौंमा घर-जग्गा खरिद गरी स्थानान्तरणको लागि तयार पारिदैं छ। हाल प्रधान कार्यालय रहेकै भवनको तेस्रो तल्ला खरिद गरी कर्पोरेट कार्यालयको प्रयोगका लागि तयार पारिदैं छ।

- Merger/ Acquisition को माध्यमबाट बैंकलाई अझ सबल र सुदृढ बनाउने उद्देश्यसहित बैंकले सम्भावनाको अध्ययन गरी अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासँग सहमतिको पहल जारी राखेको छ। यस सम्बन्धमा भविष्यमा कुनै ठोस निष्कर्षमा पुगिएमा शेयरधनी महानुभावहरुलाई जानकारी गराइने छ।

## २. राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट बैंकको कारोवारलाई कुनै असर पारेको भए सो असरः

राष्ट्रिय तथा विश्व अर्थतन्त्रमा उत्पन्न भएको उतारचढावका कारण बैंकको कारोबारमा समेत चुनौतिहरु उत्पन्न भएका छन्। रुस-युक्रेन युद्धका कारण पेट्रोलियम पदार्थ तथा खाद्य वस्तुको मूल्यमा वृद्धि हुन गएका कारण ग्राहकको ऋण तिर्ने क्षमतामा ह्रास आएको, बचतयोग्य सञ्चिति घटेको तथा समग्र खर्च नै बढ्न गएको छ। देशको व्यापार घाटा बढेको तथा विदेशी मुद्रा सञ्चितिमा दवाब परेको कारण नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले चालेको आयात नियन्त्रण लगायतका कदमहरुले बैंकको व्यवसाय प्रभावित हुँदै आम्दानीको स्रोत संकुचित हुन पुगेको छ।

यस विषम परिस्थितिका बावजुत बैंककले आफ्नो कारोबार विस्तार गर्दै वासलातको आकारमा समेत सन्तोषजनक विस्तार गर्न सफल भएको छ। एकातिर नियामकिय प्रावधानको पालना गर्दै कर्जा विस्तारको गतिमा नियन्त्रण गर्नुपर्ने आवश्यकता तथा अर्कोतर्फ चुनौतिपूर्ण अवस्थाको सामना गर्न सूचना प्रविधिको सुरक्षा, प्रविधि विकास तथा मानव संशाधनमा थप लगानी गर्नुपर्ने परिस्थितिका बीच बैंकको आयमा केही असर भने पर्न गएको छ। उल्लिखित असरहरुका कारण वासलात तथा मुनाफामा लक्ष्यअनुरुप वृद्धि हासिल गर्न सकिएन।

विगत केही वर्षदेखि अर्थतन्त्र र वित्तीय क्षेत्रमा एक पछि अर्को घटनाका कारण नकारात्मक असर पर्दै गएको कुरालाई ध्यानमा राखि भविष्यमा पनि थप चुनौतिको सामना गर्न तयार रहनुपर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ । थप जोखिमहरुलाई न्यूनिकरण गर्दै कारोबार सुचारु राखी लगानीकर्तालाई समुचित प्रतिफल दिनु आगामी दिनमा अझ चुनौतिपूर्ण देखिन्छ । यी चुनौतिको सामना गर्दै सरकार, व्यापारी-व्यवसायी, ग्राहकवर्ग, नियामक निकाय लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोग प्राप्त भई आगामी वर्षहरुमा बैंकले सोचे अनुकुल सफलता हासिल गर्नेछ भन्ने हामीले विश्वास लिएका छौं ।

## ३. प्रतिवेदन तयार भएको मिति सम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणाः

**(क) प्रतिवेदन तयार हुने मितिसम्म बैंकको कारोवार स्थितिः**

यस आर्थिक वर्षको मंसिर महिनासम्म बैंकको कारोवारको स्थिति निम्न बमोजिम रहेको छ।

| सि.नं. | शिर्षक | रकम (रु) २०७९ मंसिर मसान्त | रकम (रु) २०७८ मंसिर मसान्त |
|---|---|---|---|
| १ | निक्षेप | १४३.८३ अर्ब | १२८.३६ अर्ब |
| २. | कर्जा | १३२.७१ अर्ब | १२६.०६ अर्ब |
| ३. | लगानी | २४.६८ अर्ब | २२.५२ अर्ब |
| ४. | सञ्चालन मुनाफा | १८३.७३ करोड | १३७.५१ करोड |

**(ख) बैंकको उन्नतिको लागि भविष्यमा गर्नु पर्ने कुराको योजनाका सम्वन्धमा सञ्चालक समितिको धारणा देहाय वमोजिम रहेको छः**

- बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउन सञ्चालक स्तरिय जोखिम व्यवस्थापन समिति अन्तर्गत जोखिम व्यवस्थापनलाई अझ प्रभावकारी गर्दै लैजाने,
- बैंकले आफ्नो शाखा सञ्जाल र एटिएम लगायतका आधुनिक विद्युतीय बैंकिङ्ग सेवा तथा सुविधाहरुको क्रमिक रुपमा विस्तार गर्ने,
- कर्जा, निक्षेप तथा अन्य सुविधाको लागि नयाँ सेवाहरुको सुरुवात गरी Customer Base मा विविधता ल्याउने,
- विदेशी बैंक, वित्तीय संस्था तथा अन्य संघसस्थाबाट विदेशी मुद्रामा ऋण लिई लगानीको स्रोतको व्यवस्था गर्ने,
- Digital Channel मार्फत आधुनिक बैंकिङ्ग सेवाहरुको गुणस्तर बृद्धि गरी नयाँ सेवाहरुको सुरुवात गर्ने र सञ्जालको विस्तार गर्ने,
- बैंकले तयार गरेको पूर्वाधार र सेवाहरुलाई अधिकांश सेवाग्राहीहरु माझ बृहत रुपले विस्तार गर्ने,
- सञ्चालन खर्चमा मितव्ययीता अपनाई खर्च नियन्त्रणका लागि आवश्यक उपायहरुको अवलम्बन गर्ने,
- सहायक कम्पनी लक्ष्मी क्यापटिल मार्केट लिमिटेड मार्फत म्यूचुअल फण्ड निष्काशन तथा डिपोजिटरीको काम लाई निरन्तरता दिने,
- लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड मार्फत लघु वित्त कार्यक्रमलाई सशक्त ढंगले निरन्तरता दिने,
- अन्य कुनै बैंक तथा वित्तीय संस्था सँग गाभ्ने (Merger) वा बैंकले अन्य कुनै बैंक वा वित्तीय संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्भावनाको अध्ययन गरी उपयुक्त देखिएमा आवश्यक प्रक्रिया अवलम्बन गर्ने,
- प्राकृतिक प्रकोप, महामारी लगायतका घटनाहरुले वित्तीय प्रणालीको व्यवसायिक निरन्तरतामा पार्न सक्ने प्रतिकूल असरलाई न्यूनिकरण गर्न Business Continuity Plan (BCP) तथा Disaster Recovery Plan (DRP) लाई अझ सशक्त बनाउन समायनुकूल परिमार्जन गर्दै जाने तथा Disaster Recovery Site लाई थप प्रभावी बनाउँदै लैजाने,
- सुचना प्रविधिको माध्यमबाट बैंकिङ्ग सेवा सञ्चालन गर्दा आइपर्ने जोखिम न्युनिकरणका लागि अन्तराष्ट्रिय मापदण्ड बमोजिमको Information System लागू गरी थप मजबुत बनाउने,
- बैंकको सञ्चालन तथा ग्राहक सेवालाई चुस्त दुरुस्त बनाउन आन्तरिक कार्यप्रणालीलाई automation गर्दै लैजाने,
- AML/KYC सम्बन्धी नीतिलाई प्राथमिकताका साथ लागू गरी कर्मचारीलाई सो सम्बन्धमा दक्ष बनाउन तथा आवश्यक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन थप व्यवस्थाहरु गर्ने,

- वित्तीय क्षेत्रमा लगानी तथा विभिन्न वित्तीय उपकरणहरुको माध्यमबाट वित्तीय सेवाको दायरालाई अझ विस्तार गर्ने,
- आफ्ना कर्मचारीको दक्षता अभिवृद्धि गर्न कर्मचारी विकासका कार्यक्रमहरुलाई निरन्तरता दिने,
- बैंकको व्यवसायलाई वित्तीय क्षेत्रको विभिन्न आयामहरुमा विस्तार गर्नका लागि बैंकले आफैं वा सहायक कम्पनीमार्फत बिमा, धितोपत्र व्यवसाय, लगानी व्यवसाय लगायत विविध वित्तीय सेवाहरुको सम्भाव्यता अध्ययन गर्ने ।
- बैंकको व्यवसायलाई थप विस्तार र विविधिकरण गर्न सम्भाव्य आयामहरुको पहिचान गर्न बैंक आँफैले वा अन्य उपयुक्त संस्थासँगको साझेदारीमा अनुसन्धान तथा विकास इकाई सञ्चालन गर्ने ।
- जलवायु परिवर्तनका कारण व्यवसायमा पर्न सक्ने असर तथा तिनको न्युनिकरण सम्बन्धमा अध्ययन गर्ने, योजना तर्जुमा गर्ने तथा आवश्यक प्रकृया अवलम्बन गर्ने ।

## ४. बैंकको औद्योगिक वा व्यावसायिक सम्बन्धः

बैंकले राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संघसंगठन, कम्पनी, व्यक्ति र संघ संस्थाहरु, तथा अन्य सवै सरोकारवालाहरुसंग सुमधुर व्यवसायिक सम्बन्ध कायम राखेको र बैंकको औद्योगिक तथा व्यवसायिक सम्वन्ध समाजका सवै तहमा पारदर्शी र सौहार्दपूर्ण रहेको र यसलाई निरन्तरता दिइने छ ।

### (क) ग्राहक सम्बन्ध

- कारोबारभन्दा ग्राहकसँगको सम्बन्धलाई सदैव उच्च प्राथमिकता दिँदै ग्राहकहरुसँग दिगो सम्बन्ध कायम राख्ने बैंकको नीति रहँदै आएको छ । बैंकले आवश्यकता अनुरुप नियमित बैंकिंग सेवाको साथसाथै ग्राहकलाई वित्तीय परामर्श दिने तथा वित्तीय समस्या समाधान गर्न सहयोग पुऱ्याउँदै आएको छ । यसै वर्ष बैंकले ग्राहक सेवालाई थप सुदृढ बनाउन Customer Experience विभागको स्थापना गरेको छ । बैंकको सेवाप्रति ग्राहकको जिज्ञासा, प्रतिक्रिया, सुझाव तथा गुनासोहरुको शिघ्र तथा उचित सम्बोधनका लागि विशिष्टिकृत **Customer Care Center** सञ्चालन गरिएको छ । यसका अतिरिक्त ग्राहकहरुको गुनासो तथा उजुरी सुन्न तथा सो उपर आवश्यक कारवाहीको व्यवस्था गर्न केन्द्रिय तहमा प्रमुख सञ्चालन अधिकृत तथा शाखाहरुमा सम्बन्धित शाखा प्रमुखलाई गुनासो सुन्ने अधिकारीका रुपमा नियुक्त गरिएको छ । आर्थिक वर्ष २०७८/७९ मा बैंकको सेवासम्बन्धमा ग्राहकहरुबाट प्राप्त गुनासो र उजुरी तथा सो उपर भएको कारवाहीको विवरण निम्न बमोजिम रहेको छ ः

| गुनासोको प्रकार | प्राप्त गुनासो संख्या | निरुपण भएको गुनासो संख्या | निरुपण हुन बाँकी गुनासो संख्या |
|---|---|---|---|
| प्राविधिक कारणले कारोबार हुन नसकेको गुनासो | १२,३२९ | १२,२१६ | ११३ |
| सेवा गुणस्तर सम्बन्धी गुनासो | ४९८ | ४९६ | २ |
| कर्मचारी व्यवहार सम्बन्धी गुनासो | २९ | २९ | - |
| अन्य | ३,१०९ | ३,१०४ | ५ |
| **जम्मा** | **१५,९६५** | **१५,८४५** | **१२०** |

### (ख) मानव संशाधन

बैंकका कर्मचारीको स्तर वृद्धिका लागि आवश्यक आन्तरिक प्रशिक्षणहरु दिने, बाह्य प्रशिक्षणमा सहभागी गराउने लगायतका कार्यलाई यस बर्ष पनि निरन्तरता दिइएको छ । यसका लागि बैंकले देशभित्र तथा बाहिरका विभिन्न संस्थाहरुसँग समन्वय गर्नुका साथै अनुभवी तथा सम्बन्धित क्षेत्रका विज्ञ कर्मचारीहरुलाई नै विविध विषयका प्रशिक्षकका रुपमा विकास गर्ने कार्यलाई समेत प्राथमिकतामा राखेको छ । साथै सूचना प्रविधिको बढ्दो प्रयोगबीच कर्मचारीहरुलाई LinkedIn Learning, Intuition जस्ता Digital Learning Platform का साथसाथै भर्चुअल प्रविधिबाटै अन्य आन्तरिक तथा बाह्य प्रशिक्षण समेत प्रदान गर्दै आएको छ । समीक्षा बर्षमा विभिन्न इकाई सम्बन्धी ७२ वटा आन्तरिक प्रशिक्षण कार्यक्रम तथा ७२ वटा वाह्य तालिम सम्पन्न भएका छन् ।

यसै वर्षबाट बैंकले कर्मचारीले जुनसुकै स्थानबाट चाहेको समय तथा विषयमा अध्ययन गर्न, विभिन्न कोर्सहरु सम्पन्न गर्न तथा Certification हासिल गर्न **Orange World of Learning (OWL)** नामक आफ्नै Learning Management System सञ्चालनमा ल्याएको छ। हालको प्रतिस्पर्धात्मक वातावरणमा कर्मचारीको मनोवल उच्च राख्न पुरस्कारको व्यवस्था, वार्षिक कार्य सम्पादन मूल्यांकन गर्ने परिपाटीलाई निरन्तरता दिईएको छ । यसका

अतिरिक्त बैंक सदैव योग्य, दक्ष, लगनशील तथा इमान्दार कर्मचारीहरु नियुक्ति गर्ने र त्यस्ता योग्य कर्मचारीलाई बैंकको सेवामा कायमै राख्न उत्प्रेरित गर्न प्रतिवद्ध छ। यसका लागि कर्मचारीबीच स्वस्थ पारस्परिक सम्बन्धको विकास गर्ने, बैंकका विभिन्न गतिविधिमा कर्मचारीहरुबाट रचनात्मक सुझाव संकलन गर्नेलगायत उद्देश्यसहित विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यसै सिलसिलामा बैंकले आफ्ना कर्मचारीहरुको संचार तथा नेतृत्व क्षमता अभिवृद्धिका लागि विश्वभर १४४ देशमा २८०,००० भन्दा बढी सदस्य रहेको अन्तराष्ट्रिय रुपमा ख्यातिप्राप्त Toastmasters International को आबद्धतामा **Laxmi Bank Toastmasters Club** को संचालन गरिरहनुका साथै साथै काठमाडौं उपत्यका बाहिरका कर्मचारीहरु समेत सम्बन्धित स्थानमा रहेका Toastmasters Club मा संलग्न हुन प्रोत्साहित गरेको छ।

**(ग) संस्थागत सामाजिक उत्तरदायित्व**

संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत बैंकले वातावरण संरक्षण, नविकरणिय उर्जा प्रवर्द्धन, वित्तीय साक्षरता, विपन्न तथा पिछडिएका वर्गका बालिकाहरुको शिक्षा, स्वास्थ्य तथा जिवनस्तर उत्थान लगायत समाजका विभिन्न क्षेत्रहरुमा सहयोगमूलक गतिविधि सञ्चालन गर्दै आएको छ। साथै बैंकको कर्मचारीहरुद्धारा सञ्चालित "लक्ष्मी निश्वार्थ पहल" (Laxmi Cares) नामक सामाजिक संस्था मार्फत समाजका विभिन्न क्षेत्रमा सहकार्य गर्ने र संस्थाले विभिन्न कार्यक्रमको आयोजना गरी प्राप्त गरेको रकम विविध क्षेत्रमा सहयोगार्थ प्रदान गर्ने गरेको छ।

बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गर्न "संस्थागत सामाजिक उत्तरदायित्व कार्यविधि, २०७५" बनाई लागू गरेको छ। आ.व. २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्वका लागि रु १ करोड ४२ लाख रकम खर्च भएको छ। यसका अतिरिक्त आ.व. २०७८/७९ को मुनाफाबाट आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रममा प्रयोग हुने गरी खुद मुनाफाको १ प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्व कोषमा सारिएको छ। आ.व. २०७८/७९ मा बैंकले आफैं तथा Laxmi Cares मार्फत गरेका मुख्य सामाजिक कार्यहरुको विवरण निम्न बमोजिम रहेको छ :

- वित्तीय साक्षरता क्यालेन्डर छपाइ तथा वितरण,
- नेपाल प्रकृति संरक्षण कोषसँगको सहकार्यमा सदर चिडियाखानमा राखिएको दुर्लभ Barn Owl लाई adopt गरी संरक्षणको लागि आर्थिक सहयोग प्रदान,
- काठमाडौंस्थित शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा भौतिक पूर्वाधार निर्माणका लागि आर्थिक सहयोग प्रदान,
- पोखरा स्थित गण्डकी क्षेत्रिय अस्पतालमा मेडिकल अक्सिजन प्लान्ट निर्माणका लागि आर्थिक सहयोग प्रदान,
- ग्रामीण क्षेत्रका विद्यार्थीहरुको शिक्षामा समर्पित Teach for Nepal लाई आर्थिक सहयोग प्रदान,
- नेपाल प्रहरीको "प्रहरी प्रधान कार्यालय तथा बैंक साझेदारी कार्यक्रम" अन्तर्गतसाइबर अपराध नियन्त्रण सम्बन्धी जनचेतनामूलक भिडियो निर्माण,
- कर्णाली प्रदेशमा "सुनौलो कर्णाली बचत" अभियान अन्तर्गत बचत खाता खोल्ने बालिकाहरुको खातामा रु १,००० रुपैंया का दरले निक्षेप सहयोग प्रदान,
- बाढी-पहिरो लगायतका प्राकृतिक प्रकोपबाट प्रभावितहरुलाई राहत सामाग्री वितरण तथा प्रकोप नियन्त्रणमा संलग्न सुरक्षाकर्मीलाई आवश्यक सामाग्री वितरण,
- विभिन्न संघसंस्थासँगको सहकार्यमा वित्तीय साक्षरता, दक्षता अभिवृद्धि लगायतका कार्यक्रमका लागि सहयोग,
- आर्थिक रुपले विपन्न तथा जेहेन्दार छात्र-छात्राहरुलाई विभिन्न शैक्षिक संस्थाहरुमा पठनपाठनको व्यवस्था गर्न छात्रवृत्ति प्रदान,
- विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाहरुको सहकार्यमा विभिन्न स्थानमा वृक्षरोपण कार्यक्रम,
- विभिन्न सांस्कृतिक कार्यक्रम, खेलकुद लगायत सामाजिक तथा जनचेतनामूलक कार्यक्रमका लागि आर्थिक सहयोग,
- विभिन्न सामुदयिक अस्पताल, शैक्षिक संस्था तथा अन्य संघसंस्थाहरुलाई आर्थिक तथा भौतिक सहयोग प्रदान।

## ५. सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण :

बैंकको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्नुहुने सञ्चालक श्री विश्वकरण जैनले व्यक्तिगत कारण जनाई राजीनामा दिनुभएकोमा मिति २०७८ फाल्गुण २९ गतेको सञ्चालक समितिको बैठकले सो राजीनामा स्वीकृत गरेको छ।

## ६. कारोबारलाई असर पार्ने मूख्य कुराहरु:

बैंकको कारोवारलाई असर पार्ने मूख्य कुराहरु देहाय बमोजिम छन्ः

(क) मौद्रिक बजारमा तरलताको उतार चढावका कारण बैंकमा हुन सक्ने असर।

(ख) बढ्दो सञ्चालन लागत तथा सञ्चालन जोखिमबाट पर्न सक्ने असर।

(ग) सूचना प्रविधिको प्रयोग बाट उत्पन्न हुने जोखिम। (Cyber Security)

(घ) कर्जाबाहेको क्षेत्रको लगानीमा उचित प्रतिफल प्राप्त हुन नसकी हुने असर।

(ङ) अर्थतन्त्रको उतारचढावबाट जोखिम सम्पत्तिको गुणस्तर कायम राख्न तथा कर्जाको नियमित भुक्तानीमा हुने कठिनाइ।

(च) नियमन निकायहरुबाट समय समयमा परिवर्तन हुने नीति नियम।

(छ) मुद्रास्फीतिका कारण बजार मूल्यमा पर्ने असरहरु।

(ज) पूँजी बजारमा आउन सक्ने उतार चढावबाट हुन सक्ने जोखिमहरु।

(झ) प्राकृतिक प्रकोप तथा स्वास्थ्यजन्य महामारीबाट उत्पन्न हुने प्रतिकूल अवस्थाहरु।

(ञ) राजनीतिक अस्थिरताका कारण अर्थतन्त्रमा पर्ने प्रभावबाट पर्ने प्रतिकूल असरहरु।

(ट) भूराजनीतिक समस्याका कारण उत्पन्न हुने आर्थिक प्रतिकूलताबाट पर्ने असरहरु।

(ठ) जलवायु परिवर्तनका कारण जलविद्युत, कृषि क्षेत्रमा पर्न जाने प्रतिकूल असरहरु।

## ७. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया:

लेखापरीक्षण प्रतिवेदनमा भएको अधिकांश कैफियतहरु सुधार भई बाँकी सुधारका क्रममा रहेका छन्।

## ८. लाभांश बांडफांड गर्न सिफारिस गरिएको रकम:

बैंकको मिति २०७९ मसिंर २५ गते बसेको सञ्चालक समितिको २६३औं बैठकले आ.व. २०७८/७९ को मुनाफालाई सञ्चित गर्दै बैंकको जगेडा कोषलाई सुदृढ बनाउने उद्देश्यले सो आ.व.का लागि लाभांश वितरण नगरी यस वर्षको वितरणयोग्य मुनाफा रु १ अर्ब १७ करोडलाई सञ्चित मुनाफामा सार्ने निर्णय गरेको छ।

## ९. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत बैंकले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी बैंकले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सो को विवरण:

समीक्षा वर्षमा बैंकले कुनै शेयर जफत गरेको छैन।

## १०. विगत आर्थिक बर्षमा बैंक र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक बर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन:

बैंकले विगत आर्थिक बर्षमा गरेको प्रगति सम्बन्धमा माथि उल्लेख भईसकेको छ। बैंकले लक्ष्मी क्यापिटल मार्केट लिमिटेड मार्फत म्यूचुअल फण्ड योजनाहरु सञ्चालन गरेको छ। यसका साथसाथै बैंकको सहायक कम्पनी लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड मार्फत लघुवित्त कारोवार सुचारु रहेको छ। सहायक कम्पनीहरु समेतको एकीकृत आर्थिक विवरण यसै प्रतिवेदन साथ पेश भएको समेत छ।

**११. बैंक तथा त्यसको सहायक कम्पनीले आर्थिक बर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा बैंकको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तनः**

बैंक तथा यसको सहायक कम्पनीहरुको प्रमुख कारोवारहरु र कारोवारमा आएको महत्वपूर्ण परिवर्तन सम्बन्धमा माथि उल्लेख गरि सकिएको छ ।

**१२. विगत आर्थिक बर्षमा बैंकको आधारभूत शेयरधनीहरुले बैंकलाई उपलव्ध गराएको जानकारीः**

समिक्षा अवधीमा बैंकलाई आधारभूत शेयरधनीहरुबाट कुनै जानकारी उपलव्ध गराईएको छैन ।

**१३. विगत आर्थिक बर्षमा बैंकका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र बैंकको शेयर कारोवारमा निजहरु संलग्न भएको भए सो सम्बन्धमा निजहरुवाट बैंकले प्राप्त गरेको जानकारीः**

बैंकको सञ्चालक तथा पदाधिकारीहरु शेयर कारोवारमा संलग्न भएको अन्य कुनै विवरण प्राप्त भएको छैन ।

**१४. विगत आर्थिक बर्षमा बैंकसंग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलव्ध गराईएको जानकारीको व्यहोराः**

विगत आर्थिक बर्षमा बैंकसंग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा जानकारी प्राप्त भएको छैन ।

**१५. बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे वापत बैंकले भुक्तानी गरेको रकम :**

हालसम्म यस बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

**१६. आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सो को विस्तृत विवरणः**

बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्त बनाउन सञ्चालक स्तरीय जोखिम व्यवस्थापन समिति तथा जोखिम व्यवस्थापन ईकाई मार्फत प्रभावकारी ढंगले जोखिम व्यवस्थापन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाएको छ । यसको अतिरिक्त सञ्चालक स्तरीय लेखापरीक्षण समितिको मातहतमा आन्तरिक लेखापरीक्षण विभाग मार्फत आन्तरिक लेखापरीक्षणको कार्यलाई समेत निरन्तरता दिएको छ । त्यसै गरी सञ्चालन जोखिम, कर्जा जोखिम, सूचनाप्रविधि सुरक्षा, बजार जोखिम, अनुपालनात तथा AML/CFT को लागि छुट्टा छुट्टै विभाग खडा गरी पर्याप्त नीतिगत व्यवस्थाहरु सहित जोखिम व्यवस्थापन गर्दै आएको छ ।

**१७. विगत आर्थिक बर्षको कूल व्यवस्थापन खर्चको विवरणः**

गत आर्थिक बर्षमा यस बैंकको कूल व्यवस्थापन खर्च देहाय वमोजिम रहेको जानकारी गराउदछौं ।

| व्यवस्थापन खर्चको विवरण | रकम (रु हजारमा) |
|---|---|
| कर्मचारी खर्च | १६,१०,७३१ |
| कार्यालय सञ्चालन खर्च | १०,०७,६७० |
| कुल व्यवस्थापन खर्च | २६,१८,४०२ |

## १८. लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरणः

बैंकमा सञ्चालक समितिका सदस्य श्रीमती विद्या बस्न्यात संयोजक र श्री दिनेश पौडेल सदस्य रहनुभएको लेखा परीक्षण समिति रहेको छ। उक्त समितिमा आन्तरिक लेखापरीक्षण विभागका प्रमुख श्रीमती ममता पराजुली पदेन सदस्य हुनुहुन्छ।

लेखापरीक्षण समितिले आफ्नो मातहतमा रहेको आन्तरिक लेखा परीक्षण विभाग मार्फत बैंकका शाखा र विभागहरुको लेखापरीक्षण गरेको छ। लेखापरीक्षणलाई सशक्त वनाउनका लागि लेखापरीक्षण स्तर कायम गर्ने मापदण्डहरु कार्यान्वयनमा ल्याएको र नेपाल राष्ट्र बैंकको निरीक्षण पश्चात दिएका निर्देशनहरुको अध्ययन गरी यसलाई व्यवहारमा लागु गर्दै जाने लगायतका नियमित काम कारवाहीहरु गर्दै आएको छ।

यस अवधिमा लेखापरीक्षण समितिको जम्मा ८ वटा वैठक वसेको र बैंठक भत्ता बापत जम्मा रु. १,३५,०००/- खर्च भएको छ। उक्त समितिका पदेन सदस्यलाई बैठक भत्ताको व्यवस्था गरिएको छैन।

## १९. सञ्चालक, कार्यकारी प्रमुख, बैंकका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले बैंकलाई कुनै रकम बुझाउन बांकी भए सो कुराः

यस बैंकका सञ्चालकहरु, कार्यकारी प्रमुख, बैंकका आधारभुत शेयरधनीहरु तथा निजहरुका नजिकका नातेदार वा निजहरु संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कुनै रकम बुझाउन बांकी रहेको छैन।

## २०. सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकमः

सञ्चालकहरुलाई पारिश्रमिकको व्यवस्था गरिएको छैन। सञ्चालक समितिको बैठकमा भाग लिए वापत प्रति वैठक अध्यक्षलाई रु. १५,०००/- र सञ्चालकलाई रु. १३,०००/- भत्ता उपलब्ध गराइएको छ। यस वाहेक प्रति महिना मोवाइल फोन खर्च सोधभर्ना बापत रु. ५,०००/- र बैठक स्थल भन्दा बाहिरका सञ्चालकहरुलाई सञ्चालक/संचालक स्तरीय समितिको बैठकमा भाग लिन आउन जानका लागि भ्रमण खर्च सोधभर्ना उपलब्ध गराइएको छ।

आ.व २०७८/०७९ मा कार्यकारी प्रमुख तथा मुख्य पदाधिकारीहरुको वार्षिक पारिश्रमिक तथा भत्ता निम्न बमोजिम रहेको छ। कार्यकारी प्रमुख तथा कम्पनी सचिवलाई बैठक भत्ताको व्यवस्था गरिएको छैन।

| सि.नं. | पद | उपलब्ध गराईएको कुल पारिश्रमिक तथा भत्ता *(रु.हजारमा)* |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | १३,२३२ |
| २. | अन्य उच्च पदाधिकारीहरु | ७६,०२९ |

यसका अतिरिक्त बैंकका कर्मचारीहरुले कर्मचारी सेवा विनियमावली र कर्मचारी सेवा र शर्तहरु अनुसार अन्य सुविधाहरु पाउँदछन्। कम्पनी सचिवलाई मासिक भत्ताको व्यवस्था गरिएको छ।

## २१. शेयरधनीहरुले बुझिलिन बांकी रहेको लाभांशको रकमः

बैकले विभिन्न आर्थिक वर्षहरुमा घोषणा गरेको लाभांश रकम घोषणा भएको मितिले ५ वर्षसम्म पनि सम्बन्धित लगानीकर्ताले बुझिलिन नआएको नगद लाभांश कम्पनी ऐन, २०६३ बमोजिम लगानीकर्ता संरक्षण कोषमा जम्मा गरिएको छ। यसबाहेक २०७९ आषाढ मसान्तमा शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकम रु ५,६८,४८,५७२.८६ रहेको छ। सोको विवरण बैंकको वेबसाइटमा प्रकाशित गरिएको छ।

## २२. दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरणः अनुसूची ४.१४ मा उल्लेख भएको।

## २३. दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरणः अनुसूची ४.३३ बुंदा नं. १५ मा उल्लेख भएको।

## २४. धितोपत्र दर्ता तथा निष्काशन नियमावलीको नियम २२ (१) संग सम्बद्ध थप विवरणहरु:

**(क) कानूनी कारवाही सम्बन्धी विवरणः**

१) समिक्षा अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्धा दायर भएको भएः बैंकको कारोवारको सिलसिलामा हुने नियमित प्रकृतिका मुद्धा बाहेक अन्य तात्विक असर पर्ने मुद्धा दायर नभएको ।

२) बैकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा बैकले मुद्धा दायर गरेको वा भएको भएः सो नभएको ।

३) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर भएको भएः त्यस्तो कुनै विवरण प्राप्त नभएको ।

**(ख) संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषणः**

१) धितोपत्र बजारमा भएको बैंकको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा : धितोपत्र बजार/नेप्सेमा आएको उतार चढाबको असर बैंकको शेयर मूल्यमा पनि पर्नु स्वाभाविक नै हो । समग्र देशको आर्थिक अवस्थामा अझ सुधार हुदै गएमा शेयर बजारले यथोचित गति लिन सक्ने अवस्था देखिन्छ। यद्यपि बैंकको शेयरको बजार मूल्य र कारोवारको निर्धारण नेपाल स्टक एक्स्चेञ्जको खुल्ला बजार प्रक्रियामा निर्भर गर्ने भएकोले यसमा व्यवस्थापनले थप धारणा राख्न सक्ने अवस्था छैन ।

२) आ.व. २०७८/७९ को प्रत्येक त्रैमासिक अवधिमा बैंकको शेयरको अधिकतम्, न्यूनतम् र अन्तिम मूल्यका साथै कुल कारोवार शेयर संख्या र कारोवार दिनको विवरण देहाय बमोजिम रहेको छः

| विवरण | आश्विन मसान्त २०७८ | पौष मसान्त २०७८ | चैत्र मसान्त २०७८ | आषाढ मसान्त २०७९ |
|---|---|---|---|---|
| अधिकतम मूल्य | ४४४ | ३५५ | ३३० | २६०.१ |
| न्यूनतम मुल्य | ३१८.५ | २४५ | २५०.१ | १८९.७ |
| अन्तिम मूल्य | ३३० | ३०६ | २५५ | १९९ |
| शेयर कारोवार संख्या | १,९२,३४,२०,८३८ | ७४,५८,०९,४६३ | ४०,३५,३०,१०१ | ४६,८१,१३,२०३ |
| कारोवार दिन | ५७ | ५९ | ५८ | ६४ |

**(ग) समस्या र चुनौतीः**

**१) आन्तरिकः**

- दक्ष जनशक्ति नियुक्त गरी योग्य कर्मचारीहरुलाई बैंकको सेवामा कायमै राख्नु ।
- वृद्धि भईरहेको सञ्चालन खर्च तथा स्थिर खर्च ।
- बढ्दो शाखा तथा डेलिभरी च्यानलका कारण सञ्चालन तथा सूचना प्रविधिसँग सम्बन्धित जोखिम बढ्दै जानु ।

**२) बाह्यः**

- कर्जा तथा लगानीमा उचित प्रतिफल कायम राख्नु तथा समायोचित व्याजदरमा निक्षेप परिचालन गर्नु ।
- व्यवसाय तथा सञ्चालन सम्बन्धमा नियामक व्यवस्थाहरु थप हुँदै जानु ।
- विश्व अर्थतन्त्रको कारण विदेशी विनिमय दरमा उतार चढाव हुनु ।
- प्राकृतिक प्रकोप, महामारी तथा भू-राजनीतिक परिस्थितिका कारण विश्व तथा आन्तरिक अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्नु ।

३) **रणनीतीः**

- Physical and Digital (Phygital) माध्यमबाट चालु सेवाहरुको विस्तारका साथै नयाँ सेवाहरुको सुरुवात गर्ने ।
- प्रविधिको प्रयोग गरी जोखिम व्यवस्थापनको सुदृढिकरणको गर्ने ।
- लगानीका नयाँ अवसरहरु खोजी गर्ने ।
- असल बैंकिङ पूर्वाधारहरुलाई सुदृढ गर्ने ।
- सहायक कम्पनीहरुको माध्यमबाट व्यवसायको विविधिकरण गर्ने ।
- Merger and Acquisition को माध्यमबाट वासलातको आकार वृद्धि गर्ने ।

(घ) **संस्थागत सुशासनः**

लक्ष्मी बैंकको सवै कारोवारहरुमा उच्च स्तरको संस्थागत सुशासन, व्यापारिक स्वच्छता र व्यवसायिकतालाई कायम राख्न बैंक कटिवद्ध रहेको र बैंकले प्रचलित कानून तथा पूर्व निर्धारित जोखिम मापदण्डको अधिनमा रही सवै नियमहरुको पूर्ण रुपमा अनुपालन गर्दै आएको छ।

## २५. कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरुः

**शेयरधनी महानुभावहरुको लागि सूचना व्यवस्थाः**

बैंकले कारोवार सम्बन्धी सूचना आदान प्रदान गर्ने प्रकृयालाई उच्च प्राथमिकता दिएको छ। यस सन्दर्भमा बैंकले वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन लगायत अन्य बैंकको प्रगति विवरणहरु विभिन्न समाचार माध्यम एवं बैंकको वेभसाइट www.laxmibank.com मार्फत जानकारी गराउने गरेको छ। बैंकमा समय समयमा लगानीकर्ता तथा व्यक्तिगत रुपमा info@laxmibank.com र अन्य माध्यमबाट आएका विभिन्न जिज्ञासाहरुको उचित निष्कर्श निकाल्ने उपयुक्त र महत्वपुर्ण थलो वार्षिक साधारण सभा भएकोले सवै शेयरधनी महानुभावहरुलाई सभामा सहभागी भई बैंकको प्रगतिमा छलफल गर्न प्रोत्साहित गरेकाछौं ।

**अन्तमा,**

बैंकको प्रगतिको लागि सहयोग, सद्भाव, अमूल्य सुझाव तथा मार्गदर्शन प्रदान गर्नु हुने सम्पुर्ण शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा आदरणीय ग्राहकवर्ग तथा लाभग्राही एवं समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछौं । साथै बैंकलाई यस उचाईमा पुऱ्याउन अथक परिश्रम गर्ने व्यवस्थापन तथा कर्मचारीहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछौं ।

धन्यवाद ।
सञ्चालक समितिको तर्फबाट,

| | |
|---|---|
| ..................................... | ................................ |
| रमण नेपाल | स्वाती रुङ्गटा |
| अध्यक्ष | सञ्चालक |

मितिः २०७९/०९/०६ गते

# INDEPENDENT AUDITOR'S REPORT

## TO THE SHAREHOLDERS OF LAXMI BANK LIMITED

### Report on the Audit of the Consolidated Financial Statements

*Opinion*

We have audited the consolidated financial statements of Laxmi Bank Limited and its subsidiaries (referred to as the "Group"), which comprise the consolidated statement of financial position as at 32 Ashad 2079 (16 July 2022), and the consolidated statement of profit or loss, consolidated statement of comprehensive income, consolidated statement of cash flows, consolidated statement of changes in equity for the year then ended and notes to the consolidated financial statements, including a summary of significant accounting policies.

In our opinion, the accompanying consolidated financial statements present fairly, in all material respects, the consolidated financial position of the Group as at 32 Ashad 2079 (16 July 2022), its consolidated financial performance and its consolidated cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

*Basis for Opinion*

| NFRS समीक्षा अवधि | १ श्रावण २०७८ - ३२ आषाढ २०७९ | १६ जुलाई २०२१ - १६ जुलाई २०२२ |

वित्तीय विवरणहरु साधारण सभाबाट स्वीकृत नहुन्जेलसम्म सञ्चालक समितिले परिवर्तन गर्न सक्नेछ। साधारण सभाले वित्तीय विवरण स्वीकृत नगर्ने निर्णय गर्न सक्नेछ तर यसमा परिवर्तन गर्न सक्नेछैन।

## २.३. कार्यात्मक तथा प्रस्तुतिकरण मुद्रा

वित्तीय प्रतिवेदन नेपाली रुपैंया (रु.) मा तयार पारिएको छ। बैंकले कारोबार गर्ने मुद्रा पनि यही नै हो। सबै अंकलाई अन्यथा उल्लेख नभएको अवस्थामा रुपैंयामा उल्लेख गरिएको छ।

## २.४. अनुमान, धारणा र स्वविवेकको प्रयोग

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा बैंकले निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक छ। यी अनुमानहरु उपलब्ध जानकारी र बैंक व्यवस्थापनका स्वविवेकमा आधारित हुन्छन्। यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुनसक्थे भन्ने पनि निर्धारण हुन सक्छ।

वित्तीय विवरणका विभिन्न विषयहरुसँग सम्बन्धित लेखा नीतिहरु उपयुक्त विषयहरुसँगै टिप्पणीका रुपमा समावेश गरिनुका साथै सो को परिवतनको असर तथा प्रकृतिसमेत खुलाइएको छ।

वास्तविक परिमाणहरु मुल्यांकन गरे भन्दा फरक पर्न सक्दछन् र कहिले काहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्दछन्। NFRS अनुसार बैंकले वित्तीय विवरणमा उल्लेख भएका आफ्नो सम्पूर्ण सम्पत्ति तथा दायित्वका Fair Value अनुमान गर्न विभिन्न मुल्यांकन मोडेल र प्रविधिहरु प्रयोग तथा नाफा वा नोक्सानको अनुमान गर्नुपर्दछ। बैंकले गरेका अनुमानहरु तथा वित्तीय विवरण समय समयमा परिमार्जन पनि गर्दै लैजाने छ। लेखाको अनुमानमा गरिएको परिमार्जनलाई जुन अवधिमा परिमार्जन गरिएको हो सोही अवधिबाट लागू हुने गरी लेखाङ्कन गरिन्छ।

विवरणमा अनुमान गरिएको व्यहोरा सम्बन्धित स्थानमा उल्लेख गरिएको छ। त्यहाँ अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिर्वतनलाई पनि उल्लेख गरिएको छ।

### २.४.१ निरन्तरता (Going Concern)

वित्तीय विवरण तयार पर्दा बैंकको निरन्तरतामा सञ्चालक समितिको सन्तुष्ट छ र भविष्यमा पनि व्यापार बढ्दै जानेमा आशावादी रहेको छ। यो अनुमान गर्नका लागि बैंकको सञ्चालक समितिले धेरै विषयमा विमर्श गर्दा वर्तमान तथा भविष्यको अवस्थाका साथै प्रक्षेपित मुनाफा, नगद प्रवाह र पूँजीको स्रोतलाई समेत ध्यानमा राखिएको थियो।

## २.५ लेखा नीतिमा परिवर्तन

NFRS मा उल्लिखित लेखा नीतिबमोजिम वित्तीय विवरण तयार पार्नु बैंकको दायित्व हो। लेखा नीतिहरु गत वर्ष झैं समानरुपमा लागू गरिएका छन्। लेखा नीतिमा भएका परिवर्तनहरुको सम्भवभएसम्म असरहरुसमेत खुलाइएको छ। NFRS मा उल्लेख नभएका लेखाङ्कनका सम्बन्धमा सामान्य लेखाको सिद्धान्त अपनाइएको छ।

## २.६. रिपोर्टिङ उद्घोष

बैंकले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट २०७७ कार्तिक २५ र २०७९ साउन ०२ गते जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial ReportingStandrard -NFRS) अङ्गीकार गरेको छ। NFRS ले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्छ। यद्यपि ICAN ले २०७५ असोज ०४ गते प्रकाशित गरेको सूचनाले NFRS अङ्गीकार गर्दा केही उल्लेखित विकल्पहरु (Carve out) पनि अपनाउन सकिने उल्लेख गरेको छ।

### २.६.१ NFRS 3 : व्यापार एकीकरण

क) परिच्छेद १८ बमेजिम अधिग्रहण गर्ने संस्थाले आफ्नो लेखा किताबमा एकीकरण घोषणा भएको मितिमा अधिग्रहण गरेको संस्थको कुल सम्पत्ति र दायित्व (पुँजी र जगेडा बाहेक) नेपाल राष्ट्र बैंकबाट जारी गरिइएको Meger and Acquisition Bylaws अनुसार स्वाप अनुपातको लागि समायोजित गरेको नेटवर्थको मूल्यलाई fair value मानि सोहि मूल्यको आधारमा लेखाङ्कन र समायोजन गर्नुपर्छ।

ख) परिच्छेद ३७ बमेजिम कुनै खरिद रकम अधिग्रहण गर्ने संस्थाले आफ्नो शेयर जारी गरेर भुक्तानी गर्दछ भने, सो शेयरको fair value नेपाल राष्ट्र बैंकबाट जारी गरिइएको Meger and Acquisition Bylaws अनुसार विभिन्न parameters बाट निर्धारण गर्नुपर्छ। सो अनुरुप अधिग्रहण गर्ने संस्थाले नियामक अधिकारीबाट स्वीकृत भएको स्वाप अनुपातको आधारमा अधिग्रहण गरेको संस्थाको शेयरधनीहरुलाई आवश्यक शेयर जारी गर्नुपर्छ। जारी गरिएको शेयर fair value (स्वाप अनुपातको लागि प्रयोग भएको) मा मूल्याङ्कन गर्नुपर्छ, जहाँ अधिग्रहण गरेको संस्थाको किताबमा सो शेयर चुक्ता मूल्यको शत प्रतिशतमा लेखाङ्कन गर्नुपर्छ र फरकलाई इक्विटिको अन्य भाग (शेयर प्रिमियम/डिसकाउन्ट) मा लेखाङ्कन गर्नुपर्छ।

ग) परिच्छेद ३४ बमेजिम यदि अधिग्रहण गर्ने संस्थाले अधिग्रहण गरेको कुल सम्पत्ति र दायित्वको मूल्य अधिग्रहण गरेको संस्थाले जारी गर्ने शेयरको fair मूल्य (साधारण शेयर र शेयर प्रिमियम र डिस्काउन्टको जोड) भन्दा बढी भएमा सोलाई Bargain Purchase मानेर नाफा नोक्सान विवरणबाट लेखाङ्कन गर्नुपर्छ।

घ) परिच्छेद ३२ बमेजिम यदि अधिग्रहण गर्ने संस्थाले अधिग्रहण गरेको कुल सम्पत्ति र दायित्वको मूल्य अधिग्रहण गरेको संस्थाले जारी गर्ने शेयरको fair मूल्य (साधासरण शेयर र शेयर प्रिमियम र डिसकाउन्टको जोड) भन्दा कम भएमा सोलाई Goodwill मानेर लेखाङ्कन गर्नुपर्छ।

माथि उल्लेखित विकल्पहरु (Carve out) वैकल्पिक नरहेको र बैंक तथा वित्तीय संस्थालाई मात्र लागु हुनेछ।

### २.६.२ NFRS 9 : वित्तीय उपकरण

क) परिच्छेद ५.४ बमेजिम प्रभावकारी व्याज दर भन्नाले त्यो दर बुझिन्छ जसले कुनै वित्तीय सम्पत्ति वा दायित्वको भविष्यमा हुने नगद भुक्तानी वा प्राप्त हुने रकमलाई वित्तीय सम्पत्ति वा दायित्वको वर्तमान किताबी मूल्य बराबर डिस्काउन्टिङ गर्दछ। प्रभावकारी व्याज दर निर्धारण गर्दा कुनै निकायले वित्तीय उपकरणसँग सम्बन्धित करार सर्त बमोजिम सबै प्रकारका नगद प्रवाहलाई अनुमान गर्नुपर्छ तर अनुमानित कर्जा नोकसानीलाई समावेश गर्नुहुदैन। तर नगद प्रवाह अभौतिक र अव्यवहारिक भएमा प्रभावकारी व्याज दर अनुमान गर्दा सोलाई नगद प्रवाहमा अनुमान गर्न आवश्यक हुदैन।

ख) परिच्छेद ५.५ बमेजिम परिशोधित मूल्यमा मूल्याङ्कन हुने वित्तीय उपकरणको क्षति र सङ्कलन नहुने खण्डमा देहाय बमोजिमको व्यवस्था गरिएको छ ः

- निकायले समीक्षा मितिको अन्त्यमा परिशोधित मूल्यमा मूल्याङ्कन हुने कुनै वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा क्षति हुन सक्ने कुनै प्रकारको वस्तुगत प्रमाण रहेको वा नरहेको यकिन गर्नुपर्छ। यदि सो प्रमाण रहेको यकिन भएमा, निकायले क्षति रकम नेपाल राष्ट्र बैंकबाट तोकिएको नोकसानी सम्बन्धी व्यवस्था र यस मानकको परिच्छेद ५ बमोजिम हिसाब गरिने क्षतिको रकम मध्ये जुन बढी रहन्छ सो अनुरुप क्षतिको रकम नोकसानीको रुपमा मूल्याङ्कन गर्नुपर्दछ।
- कुनै वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा क्षति तब मात्र लेखाङ्कन गरिन्छ जब त्यसमा सुरुवाती मापन पछि एक वा एक भन्दा धेरै धटनाको आधारमा वस्तुगत प्रमाण रहेको पुष्टि हुन्छ अथवा नोकसानी धटनाले भविष्यमा हुने नगद प्रवाहको अनुमानलाई क्षति पुर्‍याउने कार्य गर्दछ।
- यदि परिशोधित मूल्यमा मूल्याङ्कन हुने कुनै वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा कुनै प्रकारको क्षति भएको वस्तुगत प्रमाण रहेको यकिन भएमा क्षति रकम सो वित्तीय सम्पत्तिको किताबी मूल्य र भविष्यमा हुने नगद प्रवाहको प्रभावकारी व्याज दरबाट गणना गरी वर्तमान मूल्य हिसाब गरी सोबीचको अन्तरबाट हिसाब गर्नुपर्दछ।
- यदि पछिको अवधिहरुमा क्षति रकम घट्छ र सो घटेको रकमलाई क्षति भएको यकिन गरेपछिको कुनै घटनासँग सम्बन्धित गरिन्छ भने, सो क्षति रकमलाई सिधै उल्टयाउन सकिन्छ वा कुनै अन्य खाताबाट उल्टयाउन सकिन्छ।

## २.७ जारी गरिएको तर कार्यान्वयन नभएको मानक

NFRS को विभिन्न मितिमा उद्घोषपछि IASB बाट केही नयाँ मानक र वर्तमान मानकमा संशोधन र व्याख्या जारीभएको छ। ASB नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी लागू हुनेछन्।

## २.८ अंगीकार नगरिएका नयाँ मानक र व्याख्या

निम्नानुसारका संशोधनहरु आर्थिक वर्ष २०२१–२२ का लागि बाध्यकारी होइनन् र समूहले अंगीकार गरेको छैन। बैंकले हालसम्म पनि यी संशोधनको विस्तृत प्रभाव मुल्यांकन गरिरहेको छ।

### २.८.१ IFRS 9 : वित्तीय उपकरण-क्षति

IFRS 9 'वित्तीय उपकरणहरू' IASB ले जुलाई २०१४ मा जारी गरेको थियो र अन्तर्राष्ट्रिय रुपमा १ जनवरी २०१८ देखि कार्यान्वयनमा छ। नेपालको लेखामानक बोर्डले मुख्य रुपमा हानी र केही अपवाद सहित NFRS 9 वित्तीय उपकरण अनुमोदन गरेको छ। हाल, NAS 39 मा उल्लेखभएको उत्पत्ति भएको नोक्सान मोडललाई प्रयोग गरिएको छ। IFRS 9 को आवश्यकता अनुमानित कर्जा नोक्सान मोडल हो। सामान्य शैली अन्तर्गत, IFRS 9 ले अनुमानित कर्जा क्षतिमापन र व्याज आम्दानी लेखाङ्कनको लागि तीन चरणशैली पहिचान गरेको छ।

**चरण १ : १२ महिने ECL (Expected Credit Loss)**

कुनै खास कर्जा जोखिम बढेको छैन। वित्तीय उपकरणहरू जसमा कर्जा जोखिममा उल्लेखनीय वृद्धि हुन सकेको छैन किनभने प्रारम्भिक पहिचान र लेखाङ्कनमा अर्को १२ महिना भित्रमा हुने (Probability of default) घटनाहरूको सम्बन्धी ECL को लागि व्यवस्था छ। १२ महिनाभन्दा कमको परिपक्वताको अवधि भएको वित्तीय सम्पत्तिहरूको लागि, यस्तो (Probability of default) प्रयोग गरिन्छ जुन शेष परिपक्वतासँग मेल खान्छ। ECL को लागि समायोजन गर्नु अघि व्याज वित्तीय सम्पत्तिको कुल किताबी मूल्यमा गणना गरिनेछ।

**चरण २ : आजीवन ECL**

प्रारम्भिक पहिचान र लेखाङ्कन भएपछि कर्जा जोखिममा उल्लेखनीय बृद्धि भएमा कर्जा जोखिममा उल्लेखनीय वृद्धि भएको छ, आजीवन ECL को लागि आर्थिक उपकरण (आजीवन ECL) को जीवनमा हुने नोक्सान प्रतिनिधित्व गर्ने व्यवस्था आवश्यक छ। व्याज आम्दानीलाई निरन्तर रुपले कूल आधारमा लेखाङ्कन गरिनेछ।

**चरण ३ : आजीवन ECL**

खराब वित्तीय उपकरणहरु चरण ३ मा प्रवेश गर्छन जब कर्जा क्षति हुन्छ र क्षतिग्रस्त कर्जा सम्पत्ति खरिदलाई आजीवन व्यवस्थाको आवश्यकता पर्छ। व्याज आम्दानीलाई वित्तीय सम्पत्तिमा ECL घटाएको कूल रकमलाई गणना गरिनेछ।

व्यवस्थापनद्धारा हालसम्म पनि Expected Credit Loss (ECL) पद्धति लागु भएमा वित्तीय विवरणमा हुने प्रभावको अध्ययन तथा विश्लेषण गरिरहेको छ।

### २.८.२ डिस्काउन्टिङ (Discounting)

सम्पत्ति र दायित्व गैर चालू भएको र discounting को प्रभाव महत्वपूर्ण भएको अवस्थामा discounting प्रयोग गरिन्छ।

## २.१० NFRS कार्यान्वयनको सीमितता

जहाँ जानकारी पर्याप्तरुपमा उपलब्ध छैनन्, वा अंगीकार गर्नको लागि अव्यवहारिक छन्, NFRS कार्यान्वयनका त्यस्ता अपवादहरुलाई उल्लेख गर्दै सम्बन्धित खण्डमा राखिएको छ।

## ३. आधारभूत लेखामान नीति

### ३.१ मापनको आधार

वित्तीय विवरणमा भएका निम्न वस्तुगत महत्वपूर्ण वस्तु बाहेक ऐतिहासिक मूल्यमा तयार पारिएको छ :

- वित्तीय सम्पत्ति र दायित्वलाई यिनको सुरुवाति लेखाङ्कन अनुरुप fair value मा मापन गरिएको छ।
- FVTOCI र FVTPL वित्तीय उपकरणको त्यसपछिको लेखाङ्कन fair value मा मापन गरिएको छ।
- लगानी सम्पत्ति fair value मा मापन गरिएको छ।
- परिभाषित लाभ योजनाको दायित्व लेखाङ्कन गर्दा परिभाषित लाभ योजनाको वर्तमान मूल्यमा योजना सम्पत्ति, लेखाङ्कन नगरिएको सेवा लागत र लेखाङ्कन नगरिएको बीमान्किक नोक्सानलाई घटाएर देखाउने नीति छ।
- लेखाङ्कन नगरिएको बीमान्किक लाभ भएमा परिभाषित लाभ योजनाको वर्तमान मूल्यमा जोड्ने नीति छ।

### ३.२ एकीकरणको आधार

**क) व्यापार एकीकरण**

व्यापार एकीकरण अधिग्रहण मितिमा अधिग्रहण विधि प्रयोग गरी लेखाङ्कन गरिन्छ जस्तै : बैंकमा कहिले नियन्त्रण स्थानान्तरण भयो। कुनै संस्थाको आफ्नो गतिविधिबाट कसरी लाभ लिने भनेर वित्तीय र सञ्चालन नीति सञ्चालन गर्नु नै नियन्त्रण हो। नियन्त्रण भनेको कुनै संस्थाको गतिविधिबाट फाइदा लिन संस्थाको वित्तीय र सञ्चालन नीतिहरू तर्जुमा गर्ने र सो अनुसार संस्था संचालन गर्ने शक्ति हो। नियन्त्रणको निर्धारण गर्दा, समूहले सम्भावित मतदान अधिकारहरूलाई विचार गर्दछ जुन वर्तमानमा प्रयोगयोग्य छन्।

**अधिग्रहणको मितिमा साखलाई बैंकले देहाय बमोजिमको रकमलाई समायोजन गरी मापन गर्छ :**

- स्थानान्तरण गरिएको प्रतिफलको fair value अधिग्रहणमा गैर नियन्त्रित स्वार्थ को लेखाङ्कन गरिएको परिमाण, साथै व्यवसाय एकीकरण चरणमै हासिल भएमा, व्यापार संयोजनमा पूर्ववत् इक्विटी स्वार्थ को fair value, अधिग्रहण गरिएको लेखाङ्कन गर्न सकिने सम्पत्ति र लेखाङ्कन गर्न सकिने दायित्वको खुद लेखाङ्कन रकम (सामान्यतयाः fair value)
- जब अतिरिक्त रकम ऋणात्मक हुन्छ, नाफा वा नोक्सानमा तत्काल खरिद लाभ (Bargain Purchase Gain) लेखाङ्कन गरिन्छ।
- प्रतिफलणीय स्थानान्तरणमा पूर्ववत् सम्बन्धको चुक्ता रकम समावेश हुन्न। यस्तो रकम सामान्यतया नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ।
- कर्जा वा इक्विटी सुरक्षणपत्र जारी गर्दा सम्बन्धित बाहेक, कारोबार खर्च जुन बैंकले व्यापार एकीकरण गर्दा ब्यहोर्छ त्यसलाई नाफा वा नोक्सान खातामा खर्च देखाउने नीति छ।

कुनै पनि तिर्नुपर्ने सम्भावित प्रतिफल अधिग्रहण मितिमा fair value मा मापन गरिन्छ। यदि तिर्नुपर्ने सम्भावित प्रतिफल इक्विटीको रूपमा वर्गीकृत गरिएको छ भने यो पुर्नमापन हुँदैन, र चुक्ता रकम इक्विटीमा समायोजन गरिन्छ। अन्यथा, मापन अवधिको समायोजन बाहेक सम्भावित प्रतिफलको fair value मा पछिल्लो परिवर्तनहरूलाई नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिन्छ।

तल उल्लेखित विकल्पहरु वैकल्पिक छैनन् र आर्थिक वर्ष २०१९–२० देखि २०२१–२२ सम्म व्यवस्था लागु गरिएका छन् :

- NRFS ३ को परिच्छेद १८ बमेजिम, अधिग्रहण गर्ने संस्थाले आफ्नो लेखा किताबमा एकीकरण घोषणा भएको मितिमा अधिग्रहण गरेको संस्थको कुल सम्पत्ति र दायित्व (पुँजी र जगेडा बाहेक) नेपाल राष्ट्र बैंकबाट जारी गरिइएको Meger and Acquisition Bylaws अनुसार स्वाप अनुपातको लागि समायोजित गरेको नेटवर्थको मूल्यलाई fair value मानि सोहि मूल्यको आधारमा लेखाङ्कन र समायोजन गर्नुपर्छ।
- NRFS ३ को परिच्छेद ३७ बमेजिम, कुनै खरिद रकम अधिग्रहण गर्ने संस्थाले आफ्नो शेयर जारी गरेर भुक्तानी गर्दछ भने, सो शेयरको fair value नेपाल राष्ट्र बैंकबाट जारी गरिइएको Meger and Acquisition Bylaws अनुसार विभिन्न parameters बाट निर्धारण गर्नुपर्छ। सो अनुरुप अधिग्रहण गर्ने संस्थाले नियामक अधिकारीबाट स्वीकृत भएको स्वाप अनुपातको आधारमा अधिग्रहण गरेको संस्थाको शेयरधनीहरुलाई आवश्यक शेयर जारी गर्नुपर्छ। जारी गरिएको शेयर fair value (स्वाप अनुपातको लागि प्रयोग भएको) मा मूल्याङ्कन गर्नुपर्छ, जहाँ अधिग्रहण गरेको संस्थाको किताबमा सो शेयर चुक्ता मूल्यको शत प्रतिशतमा लेखाङ्कन गर्नुपर्छ र फरकलाई इक्विटिको अन्य भाग (शेयर प्रिमियम/डिसकाउन्ट) मा लेखाङ्कन गर्नुपर्छ।

## (ख) गैर नियन्त्रित स्वार्थ / NCI (Non Controlling Interest)

हरेक व्यापार एकीकरणमा बैंकले गाँभिने संस्थामा हुने गैर नियन्त्रित स्वार्थ मापन देहाय बमोजिम गर्न सकिन्छ ः

- fair value मा, वा
- गाभिने संस्थाको खुद सम्पत्तिको बैंकको बाहेकको स्वामित्वको अनुपातमा नियन्त्रणमा हानी नहुने किसिमले सहायक संस्थामा बैंकको स्वार्थ परिवर्तन भएमा

त्यस्ता कारोबार लाई बैंकले स्वामित्व धनीको हैसियतमा गरेको कारोबार मानी बैंक तथा सहायक संस्थाले लेखाङ्कन गर्छन। गैर-नियन्त्रण नाफाहरूमा समायोजन सहायक संस्थाको खुद सम्पत्तिको अनुपातमा आधारित हुन्छ। साखको लागि कुनै समायोजन गरिदैन र कुनै नाफा वा नोक्सान लेखाङ्कन गरिदैन।

दुवै सहायक कम्पनीहरुको पूर्ण स्वामित्व भएकाले कुनै पनि गैर नियन्त्रित स्वार्थ छैन।

## ग) सहायक कम्पनीहरु

सहायक कम्पनीहरु बैंकले नियन्त्रण गरेका कम्पनीहरु हुन्। कुनै संस्थासँगको संलग्नताको कारण परिवर्तनशील प्रतिफलको अधिकार भएमा र त्यस्तो संस्थाको नाफामा असर पार्ने शक्ति भएमा बैंकले सो संस्थालाई नियन्त्रण गर्छ। सहायक कम्पनीहरुको वित्तीय विवरणहरु एकीकृत वित्तीय विवरणमा समेटिएका छन्। बैंकले आफ्नो नियन्त्रणमा एक वा एकभन्दा बढी तत्वहरु परिवर्तन भएका छन् कि भनेर पुर्नमूल्यांकन गर्छ। एकीकृत वित्तीय विवरण तयार पार्दा सम्पत्ति, दायित्व, आम्दानी, खर्च र नगद प्रवाह मातृ कम्पनीसँग उस्तै गरी जोडिन्छ। सहायक कम्पनीमा मातृ कम्पनीको लगानी र मातृ कम्पनीको इक्विटीको अंश पूर्ण रुपमा हटाइन्छ। एकीकृत वित्तीय विवरण बनाउने बेलामा अन्तर समूह कारोबारसँग सम्बन्धित सम्पत्ति तथा दायित्व, आम्दानी, खर्च र नगद प्रवाहलाई पूर्णरुपमा हटाइन्छ।

## घ) नियन्त्रणको क्षति

नियन्त्रण क्षति भएमा, बैंकले सहायक कम्पनीको सम्पत्ति तथा दायित्व अपलेखाङ्कन गर्छ, गैर नियन्त्रित स्वार्थको रकम तथा सहायक कम्पनीसँग सम्बन्धित इक्विटीमा सञ्चित रुपान्तरण नोक्सानलाई पनि अपलेखाङ्कन गर्छ। साथै, पहिल्यै अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको मातृ कम्पनीको तत्वहरुलाई नाफा वा सञ्चित नाफामा उपयुक्त ढंगबाट पुर्नवर्गीकरण गरिन्छ। नियन्त्रण क्षतिबाट हुने अधिशेष वा नोक्सानलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ। पूर्व सहायक कम्पनीमा बैंकको कुनै स्वार्थ रहँदा त्यस्ता स्वार्थहरु fair value मा मापन गरिन्छ। यसपछि, यसलाई इक्विटीमा लेखाङ्कन गरिएको लगानी वा बैंकको वित्तीय उपकरणको नीति अनुसार लेखाङ्कन गरिन्छ।

## ङ) विशेष उद्देश्य संस्था (Special Purpose Entitiy)

कुनै संकुचित वा उपयुक्त ढंगबाट परिभाषित उद्देश्य प्राप्तीको लागि स्थापना गरिएको संस्था नै विशेष उद्देश्य संस्था हो। यसलाई बैंकसँगको सम्बन्धको महत्व साथै यसको जोखिम र परिणामको आधारमा एकीकरण गरिन्छ र बैंकले यस्तो संस्था नियन्त्रणको निश्कर्ष निकाल्छ। देहाय बमोजिमको परिस्थितिले बैंकको बिशेष उद्देश्य संस्थामा नियन्त्रण रहेको कुरा संकेत गर्दछ र बैंकले फलस्वरूप सो संस्था एकीकरण गर्दछ ः

- यस्तो संस्थाको क्रियाकलापहरु बैंकको लागि र यसको विशेष व्यवसाय आवश्यकता अनुसार सञ्चालित गरिन्छ जसका कारण त्यस्तो संस्थाको सञ्चालनको कारण बैंकलाई फाइदा हुन्छ।
- त्यस्तो संस्थाको क्रियाकलापबाट अधिकांश फाइदा हुने गरी बैंकसँग निर्णय अधिकार भएमा वा स्वनियन्त्रण प्रणाली स्थापना गरी बैंकसँग निर्णय अधिकार हुन्छ।
- त्यस्तो संस्थाबाट हुने अधिकांश फाइदा प्राप्त गर्ने अधिकार बैंकसँग भएमा र त्यस्तो संस्थाको क्रियाकलापबाट बैंकलाई पनि जोखिम हुन सक्छ।
- बैंकले त्यस्तो संस्थाको क्रियाकलापबाट हुने अधिकांश लाभ प्राप्त गर्नको लागि अधिकांश जोखिमको जिम्मेवारी वा स्वामित्व लिन्छ।

## च) एकीकरण कारोबारमा रद्दीकरण

सबै अन्तर समूह मौज्दात र कारोबार, अन्तर समूह कारोबारबाट प्राप्त हुने साकार नभएको आम्दानी वा खर्च (विदेशी मुद्रा सटहीबाट प्राप्त हुने आम्दानी र नोक्सान बाहेक) लाई एकीकृत वित्तीय विवरण तयार गर्दा रद्द गरिन्छ। यदि कुनै क्षति हुने प्रमाण छैन भने साकार नभएको नोक्सानलाई पनि साकार नभएको आम्दानी जस्तै गरी रद्द गरिन्छ।

## ३.३ नगद वा नगद समान

नगद वा नगद समान भन्नाले आफूसँग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम र गाँभिने मिति भन्दा तीन वा तीन महिना भन्दा कम परिपक्वता अवधि भएको अति तरल वित्तीय सम्पत्ति बुझिन्छ। बैंकले अल्पकालिन प्रतिवद्धता पूरा गर्न प्रयोग गर्ने र fair value परिवर्तन हुन नगण्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो। वित्तीय अवस्थाको विवरणमा नगद र नगद समानलाई परिशोधित मूल्यमा राखिन्छ।

## ३.४ वित्तीय सम्पत्ति र वित्तीय दायित्व

**क) पहिचान र लेखाङ्कन**

बैंकले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष हुन्छ। बैंकले सुरुमा कर्जा र सापटी, निक्षेप र ऋण सुरक्षणपत्रहरु र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुन त्यो मिति हो जुनबेला बैंक उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ। इक्विटी उपकरणमा लगानी, धितोपत्र, ऋणपत्र, सरकारी सुरक्षणपत्र, राष्ट्र बैंकको ऋणपत्र वा निक्षेप लिलामी, रिभर्स रिपो, प्रष्ट खरिदलाई व्यापारको मितिमा, जुनबेला बैंकले वित्तीय सम्पत्तिको खरिद वा अधिग्रहणको प्रतिबद्धता गर्छ, लेखाङ्कन गरिन्छ। वित्तीय सम्पत्तिको नियमित हुने खरिदर बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिन्छ।

**ख) वर्गीकरण**

**अ) वित्तीय सम्पत्ति**

बैंकले, वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि बैंकको व्यापार मोडल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह विशेषताहरुको आधारमा परिशोधित लागत वा fair value मा मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ। वित्तीय सम्पत्तिको दुई वर्गहरु यसप्रकार छन् :

**अ १) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति**

बैंकले देहायका दुवै शर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ :

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागि सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार मोडल अन्तर्गत सम्पत्ति रहेमा र,
- वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा व्याज रकमकोमात्र भुक्तानी हो।

**अ २) fair value मा मापन गरिएको वित्तीय सम्पत्ति**

परिशोधित मूल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति fair value मा मापन गरिन्छ। fair value मा मापन गरिएको वित्तीय सम्पत्ति देहाय बमोजिम वर्गीकरण गरिन्छ :

- **नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति**

  वित्तीय सम्पत्ति नाफा वा हानिको माध्यमबाट fair value को रूपमा वर्गीकृत गरिन्छ यदि तिनीहरू व्यापारको लागि राखिएको छ वा नाफा वा नोक्सानको माध्यमबाट fair value मा निर्दिष्ट गरिएको छ। प्रारम्भिक पहिचान र लेखाङ्कनमा, कारोबार लागत अधिग्रहण लागत हो भने नाफा वा नोक्सानको माध्यमबाट गरिन्छ। त्यस्ता, सम्पत्तिपछि fair value मा नापिन्छन् र fair value मा परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखाङ्कन गरिन्छ।

- **अन्य विस्तृत आम्दानी मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति**

  व्यापारको लागि नराखिएको र प्रारम्भिक रुपमा लेखाङ्कन नगरिएको इक्विटी उपकरणमा गरिएको लगानी, बैंकले उपकरणको fair value मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी अपरिवर्तनीय छनौट गर्छ भने अन्य विस्तृत आम्दानी मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्तिको रूपमा वर्गीकृत गरिनुपर्छ। त्यस्ता सम्पत्तिपछि fair value मा मापन हुन्छन् र fair value मा परिवर्तनहरू अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ।

### आ) वित्तीय दायित्व

वित्तीय जमानत र ऋण प्रतिबद्धता बाहेक अन्य वित्तीय दायित्वहरुलाई बैंकले यसरी वर्गीकरण गरेको छ ः

- **नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय दायित्वहरु**

  यदि व्यापारको लागि राखिएको हो भने वा नाफा वा नोक्सानको माध्यमबाट fair value मा निर्दिष्ट गरिएको छ भने वित्तीय दायित्व मुनाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय दायित्वहरुको रूपमा वर्गीकृत गरिएको छ। प्रारम्भिक पहिचान र लेखाङ्कनमा, कारोबार लागतहरू अधिग्रहणसंग प्रत्यक्ष रुपले सम्बन्धित भए नाफा वा नोक्सान खाता मा लेखाङ्कन गरिन्छ। तोकिएको विशेष दायित्वहरू बाहेक, दायित्वको कर्जा जोखिममा भएको परिवर्तनको कारण fair value मा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानी मा लेखाङ्कन गरिएको छ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु**

  नाफा वा नोक्सानको माध्यमबाट fair value मा मापन गरिएको वित्तीय दायित्वहरुलाई बाहेक अन्य वित्तीय दायित्वलाई परिशोधित लागतमा प्रभावकारी व्याजदर विधि प्रयोग गरी पछि मापन गर्ने परिशोधित लागतमा वर्गीकरण गरिन्छ।

### ग) मापन

### अ) प्रारम्भिक मापन

नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको fair value मा कारोबार रकम जोडेर वा घटाएर मापन गरिन्छ। नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

### आ) पछिको मापन

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा fair value मा वा परिशोधित लागतमा मापन गरिन्छ। परिशोधित लागतमा मापन गरिएको वर्गीकृत सम्पत्ति वा दायित्व पछि प्रभावकारी व्याज दर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ। वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत भनेको त्यो रकम हो जसमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा साँवाको पुर्नभुक्तानीलाई घटाई, प्रभावकारी व्याज विधिद्वारा मापन गरिएको संचित परिशोधन (प्रारम्भिक रकम र परिसोधित रकमको भिन्नता) लाई घटाई अथवा जोडी र क्षति वा असंकलनको कारण हुने कमीलाई घटाई परिणाम स्वरुप आएको रकमलाई बुझिन्छ। Fair value मा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति पछि fair value मा मापन गरिन्छ। वित्तीय सम्पत्तिको fair value मा नाफा वा नोक्सानको माध्यमबाट पछि हुने fair value परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ जबकी अन्य विस्तृत आयमार्फत fair value मापन गरिने वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमा पहिचान र लेखाङ्कन गरिन्छ।

### ३.४.१ अपलेखाङ्कन

### वित्तीय सम्पत्तिको अपलेखाङ्कन

जब बैंकको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त हुन्छ वा जब बैंकले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण गर्छ जसमा वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ वा जसमा बैंकले न त प्रतिफल हस्तान्तरण गर्छ न त जोखिम हस्तान्तरण गर्छ र वित्तीय सम्पत्तिको नियन्त्रण राख्दैन, त्यसबेला बैंकले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गर्छ। हस्तान्तरण गरिएको वित्तीय सम्पत्तिमा कुनै पनि स्वार्थ, जुन बैंकद्वारा बनाइएको वा कायम राखिएको छ भने यसलाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखाङ्कन गरिन्छ। वित्तीय सम्पत्तिको अपलेखाङ्कनमा, सम्पत्तिको (वा हस्तान्तरण सम्पत्तिको अंश विनियोजन गरिएको रकम) र प्राप्त प्रतिफल (जसमा कुनै नयाँ सम्पत्ति समावेश गरी नयाँ दायित्वग्रहण घटाइयो) को भिन्नता नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ।

### वित्तीय दायित्व अपलेखाङ्कन

दायित्व भरपाई गरियो वा रद्द गरियो वा म्याद समाप्त भयो भने वित्तीय दायित्व अपलेखाङ्कन गरिन्छ। जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु बिभिन्न शर्तहरू, वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको हुन्छ र नयाँ दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वासंशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ। मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

### ३.४.२ Fair value को निर्धारण

Fair value भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरूबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकम हो । दायित्वको Fair value ले यसको कार्यान्वयन जोखिम प्रतिबिम्बित गर्दछ ।

निम्न तह अनुसार Fair value निर्धारण गरिन्छ :

**तह १ :** Fair value मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

**तह २ :** मुल्यांकन जसको निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचीकृत मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्यांकनको निम्ति मोडेलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण आगतहरू भेटिन्छन् ।

**तह ३ :** पोर्टफोलियोहरु ती हुन् जहाँ कम्तिमा एक आगत, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, बजारको आंकडामा आधारित हुदैनन् । जब उपलब्ध हुन्छ, बैंकले वित्तीय उपकरणको fair value त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । बजारलाई सक्रिय मानिन्छ यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् र arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने, बैंकले मूल्यांकन विधि प्रयोग गरी fair value स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुकपार्टीहरू (यदि उपलब्ध छ) बीचको arm's length कारोबार समावेश हुन्छ ।

प्रारम्भिक लेखाङ्कन गर्दा वित्तीय उपकरणको fair value को उत्तम प्रमाण भनेको कारोबार मूल्य हो (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको fair value) । यद्यपि प्रारम्भिक पहिचान र लेखाङ्कनमा वित्तीय उपकरणको fair value यस कोकारोबार मूल्यमा भिन्न हुन सक्छ । यदि त्यस्तो fair value उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा मूल्यांकन विधि प्रयोग गरी variable मा केवल प्रत्यक्ष बजारबाट आंकडा समावेश गरिएको छ भने, तब भिन्नता शुरुवाती पहिचान र लेखाङ्कनमा नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिन्छ । अन्य परिस्थितिमा, भिन्नता नाफा वा नोक्सानमा तुरुन्त लेखाङ्कन हुँदैन तर उपयुक्त आधारमा वा उपकरणको जीवन भरिमा लेखाङ्कन हुन्छ वा जब उपकरण साटिन्छ, बेचिन्छ वा हस्तान्तरण हुन्छ ।

सबै सूचीकृत नभएका इक्विटी लगानी लागतमा लेखाङ्कन गरिएको छ, वासलातको मितिसम्म संस्थापक शेयरको गैर व्यापारलाई ध्यानमा राखी, यस्तो शेयरको बजार मूल्य निश्चित गर्न सकिदैन । तसर्थ, यी लगानीहरु लागतमा क्षति प्रभार घटाई पहिचान र लेखाङ्कन गरिन्छ ।

### ३.४.३ हानी (Impairment)

प्रत्येक रिपोर्टिङ मितिमा बैंकले सम्पत्तिमा हानी भएको वा नभएको कुनै संकेत छ कि छैन भनी मूल्यांकन गर्छ । यदि कुनै संकेत छ भने, पुर्नप्राप्ति योग्य रकम निर्धारण गरिन्छ । वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा हानी नोक्सानी लेखाङ्कन गरिन्छ, यदि सम्पत्तिको प्रारम्भिक लेखाङ्कनपछि हुने एक वा बढी घटनाहरूको परिणामको रूपमा हानीको वस्तुगत प्रमाण छ (नोक्सान घटना), र त्यो नोक्सान घटना (वा घटनाहरू) का कारण वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्ति समूहको अनुमानित भविष्य नगदी प्रवाहमा कुनै प्रभाव छ कि छैन भनी विश्वसनीय अनुमान गर्न सकिन्छ ।

हानीको वस्तुगत मूल्यांकनको लागि बैंकले निम्नानुसारको बुँदालाई ध्यान दिन्छ :

- ऋणीले व्याज वा साँवाको भुक्तानी नतिरेको भए;
- जब ऋणीले टाट पल्टिएको घोषणा गर्ने प्रक्रिया अघि बढाउँछ तब उसको दायित्व भरपाईमा ढिलाई वा मुक्त हुन्छ ।
- जहाँ बैंकले ऋणीको कर्जा दायित्वको सन्दर्भमा पुनर्प्राप्तीको कानुनी सहारा सुरु गर्छ ।
- जहाँ बैंकले ऋणको भौतिक माफी वा तोकिएको भुक्तानीहरूको स्थगनको कारण प्रदर्शन गर्छ र आर्थिक दायित्व कम हुने गरी दायित्वको पुनर्संरचनाको लागि सहमति जनाउँछ ।
- तथ्यांकले वित्तीय सम्पत्ति समूहको भविष्यको अनुमानित नगद प्रवाहमा मापनयोग्य कमी छ भन्ने सूचित गरे पनि यद्यपी अझै पृथक वित्तीय सम्पत्तिको कमी लेखाङ्कन गर्न सक्दैन ।

बैंकले कर्जा सापटीको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिक स्तर दुबैमा तहमा विचार गर्दछ । सबै पृथक रूप्रमा महत्वपूर्ण सापटीहरु र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरु विशेष हानीको लागि मूल्यांकन गरिन्छ । विशेष हानी लेखाङ्कन नभएका कर्जा सापटीहरुको हकमा सामुहिक रुपमा हानी नोक्सानी मुल्यांकन गरिन्छ ।

परिशोधित लागतमा मापन गरिएका एकल रुपमा महत्वपूर्ण नभएका कर्जा सापटी तथा परिशोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरुलाई परिसोधित लागतमा मापन गरिएका उस्तै खाले जोखिम चरित्र भएका कर्जा सापटी र परिसोधित लागतमा मापन गरिएका लगानी सुरक्षणपत्रहरु सँगै राखेर सामूहिक रुपमा

मूल्यांकन गरिन्छ। अन्य वित्तीय सम्पत्तिको क्षति परीक्षण आन्तरिक र बाह्य सूचकांक निरीक्षण गरी वार्षिक रुपमा गरिन्छ। सामूहिक क्षतिको आंकलन गर्दा बैंकले ऋण नतिर्ने सम्भावना (Probability of Default), पुर्नस्थापनाको समय र नोक्सान रकमको ऐतिहासिक प्रवृत्तिहरूको तथ्यांकीय मोडल प्रयोग गर्दछ। नोक्सान दरहरू र भविष्यको पुर्नप्राप्तीको अपेक्षित समय नियमित रूपमा वास्तविक परिणामहरूको विरूद्ध बेन्चमार्क हुन्छन्।

**क) परिशोधित लगातमा मापन गरिएको सम्पत्तिमा हानी नोक्सान**

परिशोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय सम्पत्तिहरू जस्तै बैंकबाट बाँकी रकम, ग्राहकलाइ दिइएको कर्जा सापटी र भुक्तानी अवधिसम्म धारण गरिएको लगानीको प्रारम्भिक लेखाङ्कनपछि एक वा एक भन्दा बढी घटनाको कारण क्षतिभएको हो भन्ने ठोस प्रमाण भए हानी नोक्सान लेखाङ्कन गरिन्छ। हानीको रकम सम्पत्तिको किताबी रकम र ऋणबाट पुनर्प्राप्ती गर्न सकिने रकमको भिन्नताबाट निकालिन्छ।

ठूलो रकम कर्जा सापटीको रुपमा दिइएको ग्राहक (ठूला ५० ऋणी र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार खराब भनी लेखाङ्कन गरिएका ऋणी) एकल हानी परीक्षणको क्रममा मूल्यांकन गरिन्छन्। ऋणीसँग बैंकको पुराना अनुभव र धितोबाट प्राप्त गर्न सकिने मूल्यको आधारमा ऋणको पुर्नप्राप्ती मूल्य अनुमान गरिन्छ। जसलाई एकल रुपमा मूल्यांकन गरिएको छ र जसका हानी छैन तिनलाई उस्तै प्रकृतिको कर्जा जोखिम विशेषता भएका वित्तीय सम्पत्तिको समुहमा राखिन्छ र हानीको लागि सामूहिक रुपमा मूल्यांकन गरिन्छ। व्यवस्थापनको पुराना अनुभवको आधारमा हरेक समूहमा वर्गीकरण गरिएको कर्जा सापटीकोकर्जा जोखिमको तथ्यांक निर्धारण गरिन्छ।

**नेपाल राष्ट्र बैंकको कर्जा नोक्सानी व्यवस्था**

बैंकको निर्देशनमा उल्लेख गरिएको न्यूनतम कर्जा नोक्सान व्यवस्थाको अधीनमा रही बैंकको कर्जा नोक्सान व्यवस्था कर्जा क्षतिको सघनताको आधारमा व्यवस्थापनले गरेको मूल्यांकनमा आधारित छ। राष्ट्र बैंकको निर्देशन अनुसार खरिद गरिएको कर्जा र सापटी, ओभरड्राफ्ट र विलको वर्गीकरणको आधारमा १.३० प्रतिशतदेखि १०० प्रतिशतसम्म खरिद गरिएको विल लगायत कर्जा र सापटीमा सम्भावित नोक्सानीको व्यवस्था गरिएको हुन्छ।

**अंगीकार गरिएको नीति**

ICAN ले जारी गरेको ऋबचखभ यगत सूचना अनुसार बैंकले कर्जा र सापटीहरुमा हानी मापन गरेको हुन्छ र हानी व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड र ICAN बाट लागु गरिएको मापन व्यवस्था अनुसार निर्धारिण गरिए बमोजिम जुन बढी हुन्छ त्यसै अनुसार गरिन्छ।

**ख) अन्य विस्तृत आम्दानी मार्फत fair value मा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिको क्षति**

इक्विटी उपकरणमा लगानी बाहेक FVTOCI मा मापन गरिएको वित्तीय सम्पत्तिको लागि हानीको आधारभूत प्रमाण भेटिन्छ छ भने सञ्चिती नोक्सान (परिशोधित लागत र हालको fair value को बीचको भिन्नताका) रूपमा मापन गरिन्छ। प्रारम्भिक रुपमा नाफा वा नोक्सानको विवरणमा समावेश गरिएको हानी नोक्सानलाई इक्विटीबाट पुर्नवर्गीकरण गर्दै नाफा वा नोक्सानमा राखिन्छ। कुनै इक्विटी उपकरणको fair value अर्थपूर्ण वा लामो समय सम्म त्यसको लागत भन्दा तल गएमा त्यसलाई इक्विटी सुरक्षणपत्रको हानी भनी मानिन्छ।

## ३.५ ब्यापारिक सम्पत्ति

ब्यापारिक सम्पत्ति र दायित्वहरु ती सम्पत्ति र दायित्वहरु हुन् जसलाई बैंकले निकट भविष्यमा बिक्री गर्ने वा पुर्नखरिद गर्ने उद्देश्यसहित लिएको हुन्छ वा छोटो अवधिको लाभ वा अवस्थिति लिनको लागि बैंकले राखेको हुन्छ। ब्यापारिक सम्पत्ति र दायित्वहरुलाई प्रारम्भिक रुपमा fair value मा लेखाङ्कन गरिन्छ र त्यसपछि वित्तीय अवस्थाको विवरणमा fair value मा मापन गरिन्छ भने कारोबार खर्चलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ। Fair value मा भएको सबै परिवतर्नलाई नाफा वा नोक्सान खातामा fair value मानिए जसरी नै खुद ब्यापारिक आम्दानीको रुपमा लेखाङ्कन गरिन्छ।

## ३.६ व्यूत्पन्न सम्पत्ति र दायित्वहरु

जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएको व्युत्पन्नमा ती सबै व्युत्पन्न सम्पत्तिहरू र दायित्वहरू समावेश हुन्छन् जुन कारोबार सम्पत्ति वा दायित्वका रूपमा वर्गीकृत गरिएका हुन्नन्। जोखिम व्यवस्थापन उद्देश्यका लागि राखिएका व्युत्पन्नहरु वित्तीय स्थितिको विवरणमा fair value मा मापन गरिन्छ। लागत लाभहरूलाई ध्यानमा राख्दै, बैंकले जोखिम व्यवस्थापनको लागि राखिएका केही व्यूत्पन्नहरुका लागि हेज लेखा अपनाएको छैन।

## ३.७ सम्पत्ति र उपकरण

### क) लेखाङ्कन र मापन

सम्पत्ति र उपकरणको लागत ब्ककभत को रूपमा लेखाङ्कन गरिन्छ यदि :

- यो सम्भावित छ कि सम्पत्ति र उपकरणसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू संस्थामा प्रवाहित हुनेछन् र,
- सम्पत्ति र उपकरणको लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ।

लागतले कुनै खरिद मूल्यमा र व्यापार छूट घटाएपछिको कुनै पनि गैरफिर्ता योग्य करहरू र व्यवस्थापनले चाहेको स्थानमा ल्याउँदाको खर्च र चाहेको शर्तमा सञ्चालन गर्दा हुने यस्ता अन्य लागतहरू पनि समेट्छ : स्वनिर्मित सम्पत्तिका खर्चहरु निम्नानुसार छन्ः

- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च
- प्रत्यक्ष रूपमा काम गर्ने अवस्थामा सम्पत्तिहरू ल्याउनको लागि आवश्यक पर्ने कुनै पनि लागतहरु,
- योग्य सम्पत्तिको लागि हुने borrowing costs

सबै वर्गको सम्पत्ति र उपकरणहरूको लागि बैंकले लागत मोडेल अंगीकार गर्छ। न त सम्पत्ति र उपकरणको वर्ग पुनर्मूल्यांकन मोडेलमा मापन गरिन्छ न त उनीहरूको fair value रिपोर्टिङ मितिमा मापन गरिएको हुन्छ। सम्पत्ति र उपकरणहरु cost less accumulated depreciation and any accumulated impairment losses मा मापन गरिन्छ। सम्बन्धित उपकरणहरूको कार्यक्षमतासँग अभिन्न हुने सफ्टवेयर, उपकरणको अंशको रूपमा पूँजीकृत हुन्छ। खर्च गरेको भएर भविष्यका आर्थिक लाभहरू बैंकमा प्रवाहित हुन्छ भने खरिदपछिको खर्चको पूँजीकरण गरिन्छ। सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने मर्मत सम्भार उत्पन्न खर्च हुन्। सम्पत्ति र उपकरण नष्ट गर्दा कुनै लाभ वा नोक्सान (वस्तु नष्ट गर्दाको कूल आय र वस्तुको किताबी मूल्यबीचको भिन्नता गणना) नाफा वा नोक्सानको अन्य आयमा लेखाङ्कन गरिन्छ। रु. १०,००० भन्दा कमको सम्पत्तिलाई उनीहरुको जतिसुकै आयू भएपनि खरिद गरिएको वर्षमा राजस्वमा संकलित नहुने भनी खर्च लेखान (Charged of to Revenue) गरिन्छ।

### ख) पूँजीगत कार्य प्रगति

निर्माणाधीन स्थिर सम्पत्ति र प्रयोगको लागि तयार नभएका सम्पत्तिहरुको लागत पूँजीगत कार्य प्रगतिमा देखाइन्छ।

### ग) ह्रासकट्टी व्यवस्था

अन्य सम्पत्तिमा ह्रासकट्टी व्यवस्थापन अनुसार समदर विधि प्रयोग गरेर अनुमानित उपयोगी जीवनका लागि खर्चको बाँकी अंश विनियोजनको रूपमा गणना गरिन्छ जुन यसप्रकार छन् :

| समूह | उपयोगीता अवधि (वर्षमा) |
|---|---|
| फर्निचर | ५ |
| कार्यालय उपकरण | ५ |
| सवारी* | ५ |
| कम्प्युटर | ५ |
| भवन | ४० |
| लिजहोल्ड | ५ वर्ष वा पट्टा अवधि मध्यको कम |
| सम्पत्तिको उपयोग अधिकार | पट्टा अवधिको आधारमा परिशोधन |

**सवारी साधनको उपयोगीता अवधि अन्तको निसर्ग मूल्य खरिद मूल्यको ३०% हुन्छ भनि अनुमान गरिएको छ।*

ह्रासकट्टीको प्रयोजनका लागि उल्लेख मिति सामान खरिद वा पूँजीगत गरिएको अर्को महिनाबाट प्रारम्भ हुन्छ। सामान विक्री हुदाँ ह्रासकट्टी विक्री भएको अघिल्लो महिनासम्म गणना गरिन्छ।

**घ) अपलेखाङ्कन**

सम्पत्ति र उपकरणहरूको किताबी रकम सम्पत्ति र उपकरणहरु निसर्ग गर्दा वा भविष्यमा कुनै आर्थिक लाभको आशा नहुने हुँदा अपलेखाङ्कन गरिन्छ। सम्पत्ति र उपकरणको अपलेखनबाट उत्पन्न हुने लाभ वा नोक्सान नाफा वा नोक्सान खातामा समावेश हुनेछ। लाभलाई राजस्वको रूपमा वर्गीकृत गर्नु हुँदैन। ह्रासकट्टी, उपयोगी जीवन र अवशिष्ट मूल्य छ भने प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा र समायोजन गरिन्छ।

## ३.८ अमूर्त सम्पत्ति/साख

**साख**

व्यापार एकीकरणमा अधिग्रहण योग्य खुद सम्पत्तिको fair value खरिद मूल्य भन्दा अधिक भएमा अधिक भएको रकमलाई साखको रुपमा लेखाङ्कन गरिन्छ। प्रारम्भिक लेखाङ्कनपछि, साख कुनै सञ्चिति क्षति नोक्सानलाई घटाई मापन गरिन्छ। साखको क्षतिको वार्षिक रुपमा समीक्षा गरिन्छ र, यदि घटना वा परिस्थितिमा आएको परिवर्तनले भारित मूल्यमा क्षति पुगेको संकेत भएमा त्यो भन्दा कम समयमा पनि समीक्षा गरिन्छ।

**अधिग्रहण गरिएको अमूर्त सम्पत्ति**

अमूर्त सम्पत्तिहरु प्रारम्भिक रुपमा fair value मा मापन गरिन्छ र अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित मूल्यमा मापन गरिन्छ।

**कम्प्युटर सफ्टवेयर**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पुंजिकृत गरिन्छ। सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पुंजिकृत गरिन्छ जहाँ सम्भावना छ यसले आफ्नो लागतको अधिकमा भावी आर्थिक लाभहरू उत्पन्न गर्दछ। कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित हुन्छन्। सफ्टवेयर कायम गर्न सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ। सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी जीवनमा सिधारेखा शैलीमा नाफा वा नोक्सानमा परिशोधित गरिन्छ। हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी जीवन पाँच बर्ष हो। ५ हजार रुपैयाँ भन्दा कम लागतको राजस्व खर्चको रुपमा लेखिन्छ।

परिशोधन विधिहरू, उपयोगी जीवनहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित हुन्छ।

## ३.९ बिक्रीका लागि राखिएका गैरचालु सम्पत्ति र लगानी सम्पत्ति

**लगानी सम्पत्ति**

लगानी सम्पत्तिले जमिन वा जमिन र भवनहरू समावेश गर्दछ, अन्य सम्पत्ति र उपकरणहरूको रूपमा वर्गीकृत नगरी बिक्रीको लागि राखिएको गैरचालु सम्पत्तिहरू जनाउँछ। सामान्यतया, यसमा बैंकले गैरबैंकिङ्ग सम्पत्तिहरूको रूपमा अधिग्रहित जमिन, जमिन र भवन समावेश गर्दछ जुन रिपोर्टिङ मितिमा बिक्री नभएको हुन्छ। कर्जा र सापटीमा सुरक्षणबाट प्राप्त भएको सम्पत्ति बैंकले लगानी सम्पत्तिको रुपमा राखेको छ।

**बिक्रीका लागि राखिएको गैरचालु सम्पत्ति**

गैरचालु सम्पत्ति (जमीन र भवन) र निकासा समूहहरु (Disposal groups) (निकासा समूहको सम्पत्ति र दायित्व दुवै) लाई बिक्रीको लागि राखिएको भनी वर्गीकरण गरिन्छ र बिक्रीको लागि तिनको किताबी र fair value मध्ये कममा मापन गरिन्छ यदि : अ) सिद्दान्तत तिनको किताबी रकम बिक्रीबाट प्राप्त गरिन्छ, आ) तिनीहरु वर्तमान अवस्थामै बिक्रीको लागि उपलब्ध हुन्छन्, इ) तिनको बिक्री सम्भावना उच्च छ।

बिक्रीको लागि राखिएको भनी प्रारम्भिक वर्गीकरण गर्नु अघि सम्पत्तिहरू (वा सम्पत्ति र दायित्वहरू एक निकासा समूहमा) माथिको वर्णन गरिएको लेखा नीतिका अनुसार मापन गरिन्छ।

## ३.१० आयकर

कर व्ययले वर्तमान र स्थगित कर खर्च समावेश गर्दछ। प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म भने चालू कर र स्थगित करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ।

**क) चालू कर**

चालू कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरु प्रयोग गरी अनुमान गर्न सकिने तिर्नयोग्य वा पुर्नप्राप्ती योग्य कर हो।

**ख) स्थगित कर**

स्थगित कर वित्तीय रिपोर्टिङ उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकमबीच अस्थायी भिन्नताको सन्दर्भमा लेखाङ्कन गरिन्छ। स्थगित आयकर बैंकमा लागू हुने कर दरको प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगित आयकर सम्पत्ति साकार भएपछि वा स्थगित आयकर दायित्व चुक्ता हुँदा रिपोर्टिङ मितिमा लागू हुने अपेक्षा गरिएको हुन्छ।

भविष्यमा करयोग्य मुनाफा उपलब्ध हुने सम्भावना भए स्थगित कर सम्पत्तिहरू लेखाङ्कन गरिन्छ जसको लागि अस्थायी भिन्नताहरू प्रयोग गर्न सकिन्छ।

## ३.११ निक्षेप, जारी गरिएका ऋण सुरक्षणपत्र र सुरक्षण नराखिएको सहायक आवधिक ऋण

**क) निक्षेप**

बैंकले आफ्ना ग्राहकहरुबाट, चालू, आवधिक बचत र मार्जिन खाताहरु अन्तर्गत बचत स्वीकार गर्दछ। यी कारोबारहरु बैंकको किताबमा रेकर्ड गरिएको हुन्छ, र परिणामस्वरूप यो बैंकको दायित्व हुन्छ र बैंकले निक्षेपकर्तालाई तिर्नुपर्ने रकमको रुपमा राखिएको हुन्छ।

**ख) जारी गरिएको ऋण सुरक्षणपत्र**

यसमा डिवेञ्चर, बन्ड वा बैंकद्वारा जारी अन्य सुरक्षणपत्रहरू छन्। निक्षेप र जारी सुरक्षणपत्र सुरुमा fair value मा वृद्धिशील (Incremental) प्रत्यक्ष कारोबार लागत घटाएर मापन गरिन्छ, र पछि प्रभावकारी व्याजदर विधि प्रयोग गरी मापन गरिन्छ, त्योबाहेक समूहले नाफा वा नोक्सान मार्फत fair value मा दायित्व निर्धारण गर्छ। तर, बैंकले जारी गरेको डिवेञ्चरहरु उपभोक्ताको निक्षेपमा सहायक हुन्छन्।

**ग) सुरक्षण नराखिएको सहायक आवधिक ऋण**

सहायक दायित्वहरु ती दायित्वहरू हुन् जुन winding up हुँदा निक्षेपकर्ताको दाबीमा सहायक हुन्छन्। बैंकसँग त्यस्तो कुनै सहायक दायित्व छैन।

## ३.१२ व्यवस्थाहरु

विगतको घटनाको परिणामस्वरूप बैंकको वर्तमान सिर्जित वा कानुनी दायित्व छ जुन विश्वसनीय तरिकाले नाप्न सकिन्छ र दायित्व पूरा गर्न आर्थिक लाभको बहिर्गमन हुन्छ भने त्यसलाई बैंकले व्यवस्थाको रुपमा लेखाङ्कन गर्छ। विगतको घटनाको परिणामस्वरूप सिर्जना भएको कुनै सम्भावित वा वर्तमान दायित्वको कारण सम्भवतः संसाधनहरूको बहिर्गमनको आवश्यकता पर्दैन तब सम्भावित दायित्वको प्रकटीकरण गरिन्छ। जब सम्भावित वा वर्तमान दायित्व छ र जसको कारणले स्रोतको बहिर्गमनको सम्भावना कम छ, त्यस्तो अवस्थामा कुनै व्यवस्था वा प्रकटीकरण गरिन्न। जब एउटा सम्झौताबाट बैंकले लिने अपेक्षित लाभहरू सम्झौता अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि व्यहोर्नुपर्ने अपरिहार्य लागतभन्दा कम हुन्छ तव अत्यधिक सम्झौताको व्यवस्था लेखाङ्कन गरिन्छ।

व्यवस्थाहरू प्रत्येक रिपोर्टिंग मितिमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजित गरिन्छ। दायित्व चुक्ता गर्नको लागि स्रोतहरुको बर्हिगमन आवश्यक पर्ने दीर्घकालिन सम्भावना छैन भने व्यवस्था फिर्ता हुन्छ। रकम प्राप्त गर्ने सम्भावना छैन भने सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा उल्लेख गरिन्न। यदि सम्भावना छ भने सम्भावित सम्पत्तिको खुलासा गरिन्छ। तर, सम्भावित सम्पत्तिलाई निरन्तर मूल्यांकन गरिन्छ र आर्थिक लाभ प्राप्त हुने निश्चित छ भने उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तन आउने अवधिमा लेखाङ्कन गरिन्छ।

## ३.१३ राजस्व लेखाङ्कन

राजस्व भनेको संस्थाको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो, यदि त्यस्ता लाभहरुले इक्विटी सहभागीहरुको योगदानको कारणले बाहेक इक्विटीको वृद्धि हुन्छ। राजस्वलाई यस हदसम्म पहिचान र लेखाङ्कन गरिन्छ कि आर्थिक लाभहरू बैंकमा प्रवाहित हुनेछन् र राजस्व भरपर्दो मापन गर्न सकिन्छ। जुन आयको प्राप्ती सम्भव छैन तिनलाई राजस्व अवधिमा लेखाङ्कन गरिएको छैन। बैंकको राजस्वमा व्याज आय, शुल्क र कमिसन, विदेशी विनिमय आय, कार्डहरूको आम्दानी, रेमिट्यान्स आय, बैंकईन्स्योरेन्स कमिसन आदि समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन् ः

**क) व्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति र बिक्रीको लागि उपलब्ध सम्पत्तिबाट हुने व्याज आम्दानीलाई बैंकको साविकको व्याजदरमा लेखाङ्कन गरिन्छ जुन प्रभावकारी व्याजदरसँग लगभग समान हुन्छ। ग्राहकबाट हुने कर्जा तथा सापटीको व्याज आम्दानीलाई प्रभावकारी व्याजदर अनुसार नगरिने भएकाले प्रारम्भिक शुल्कलाई परिशोधन गरिदैन र त्यस्तो प्रारम्भिक शुल्क थोरै हुने रहेको छ। प्रभावकारी व्याजदरको ठिक गणना गर्दा लाग्ने शुल्क त्यसबाट आउने फाइदा भन्दा बढी हुने बैंकको धारण रहेको छ।

नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिएको वित्तीय उपकरणहरूको fair value मा परिवर्तनबाट उत्पन्न लाभ र नोक्सान यिनीहरु उत्पन्न हुने अवधिमा नाफा वा नोक्सानको विवरणमा समावेश गरिन्छ। नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिएको वित्तीय उपकरणमा सम्झौताको व्याज आय र व्याज खर्च खुद व्याज आय भित्र लेखाङ्कन गरिएको छ।

**ख) शुल्क र कमिसन**

शुल्क र कमिसनहरु accrual आधारमा लेखाङ्कन गरिन्छ जब कुनै सेवा दिंदा वा महत्वपूर्ण काम गर्दा निर्धारण गरिएको मूल्य भन्दा लाभ बढी हुन्छ। जब पनि, accrual आधारमा लेखाङ्कन गरिएको शुल्क र कमिसनको लागत लाभ भन्दा बढी हुन्छ, त्यस्तो अवस्थामा कमिसन र शुल्कलाई सोही वर्ष खर्च लेखाङ्कन गरिन्छ।

२५०,००० भन्दा कम मूल्यको र एक वर्षभन्दा कम अवधि भएको शुल्क र कमिसनहरु बाहेक सबै प्रकारका शुल्क र कमिसनहरु accrual आधारमा लेखाङ्कन गरिन्छ।

**ग) लाभांश आम्दानी**

लाभांश प्राप्त गर्न अधिकार स्थापित भएमा लाभांश आय लेखाङ्कन गरिन्छ। लाभांश खुद व्यापार आयमा प्रस्तुत गरिन्छ।

**घ) खुद व्यापार आम्दानी**

खुद व्यापार आम्दानीले व्यापार सम्पत्ति र दायित्वहरूसँग सम्बन्धित नाफा र नोक्सानको भिन्नताको साथै सबै साकार र असाकार fair value परिवर्तन, व्याज, लाभांश रविदेशी विनिमय भिन्नता समावेश गर्छ।

**ङ) नाफा वा नोक्सानमार्फत** fair value **मा मापन गरिएका अन्य वित्तीय उपकरणबाट खुद आम्दानी**

नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिएका अन्य वित्तीय उपकरणबाट खुद आम्दानी जोखिम व्यवस्थापन उद्देश्यका लागि आयोजित गैरव्यापार डेरिवेटिव्ससँग सम्बन्धित छ जुन योग्य हेज सम्बन्ध र नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिएका वित्तीय सम्पत्ति र दायित्वहरूको हिस्सा हुँदैन। यसले सबै साकार र असाकार fair value परिवर्तनहरू, व्याज, लाभांश रविदेशी विनिमय भिन्नताहरु समावेश गर्दछ।

## ३.१४ व्याज खर्च

निक्षेप लगायत सबै वित्तीय दायित्वहरूमा व्याज खर्च प्रभावकारी व्याज दर विधि प्रयोग गरेर नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ। सबै व्यापार दायित्वमा व्याज व्यय बैंकको व्यापार सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र व्यापारिक सम्पत्ति र दायित्वहरूको fair value मा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिन्छ।

## ३.१५ कर्मचारी लाभ

### क) अल्पकालिन कर्मचारी लाभ

छोटो अवधिको कर्मचारी लाभ दायित्वहरू Discount नगरी मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गरिएको छ भनी खर्च गरिन्छ। बोनस ऐन, २०३० ले तोकेको बोनस अन्तर्गत पनि तिर्नु पर्ने दायित्व रकमलाई कर्मचारीद्वारा प्रदान गरिएको विगत सेवाको परिणामको रूपमा दायित्व लेखाङ्कन गरिन्छ। अल्पकालिन कर्मचारी सुविधामा निम्न लिखिति कुरा समावेश हुन्छन (यदि रिपोर्टिङ अवधिको अन्त्यपछि १२ महिनाभित्र भुक्तानयोग्य भएमा) :

- ज्याला, तलब र सामाजिक सुरक्षा योगदान
- तलबी वार्षिक बिदा र बिरामी बिदा
- नाफा बाँडफाँड र लाभांश
- गैर नगद लाभ

### ख) सेवा पछिको लाभ

सेवा पछिको लाभमा निम्न लिखित समावेश हुन्छन् :

### अ) परिभाषित योगदान योजना

परिभाषित योगदान योजना सेवापछिको लाभ योजना हो जस अन्तर्गत बैंकले छुट्टै योगदानलाई छुट्टै संस्थामा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन। परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ। परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको रिपोर्टिङ अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिन्छ।

बैंकका सबै कर्मचारीले कर्मचारी सञ्चय कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत हो जसमा बैंक र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको १०% रकम योगदान गर्छन्। बैंकले आफ्नो वार्षिक योगदान बाहेक सञ्चय कोषको लागि अन्य दायित्व मान्दैन।

### आ) परिभाषित लाभ योजना

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो। परिभाषित लाभ योजनाहरूको सन्दर्भमा बैंकको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमानल गाएर छुट्टै गणना गरिन्छ जुन वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा कमाई गरेका हुन्छन्। त्यो लाभ यसको वर्तमान मूल्य निर्धारण गर्न Discount गरिन्छ। विगत सेवा लागतहरू र योजना सम्पत्तिहरूको fair value दायित्वमा घटाइन्छ। बैंकले अन्य विस्तृत आयमा तुरुन्त परिभाषित लाभ योजनाबाट उत्पन्न हुने स्थगित करको सबै बिमाङ्कित लाभ र खुद नोक्सान र कर्मचारी वा नाफा खर्चमा कर्मचारी लाभ व्ययको परिभाषित लाभ योजनामा सम्बन्धित सबै खर्चलाई लेखाङ्कन गर्छ। परिभाषित लाभ योजना चुक्ता भएको अवस्थामा बैंकले त्यसको नाफा अथवा नोक्सान लेखाङ्कन गर्छ।

### इ) रद्द लाभ (Termination Benefits)

जब बैंक फिर्ता निकाल्ने यथार्थपरक सम्भावना बिना, सामान्य सेवा निवृत्ति मितिअघि रोजगार समाप्त गर्ने औपचारिक विस्तृत योजनाको लागि वा स्वेच्छिक रिडान्डन्सीहरूलाई प्रोत्साहन गर्ने प्रस्तावको परिणामस्वरूप समाप्ति लाभ प्रदान गर्ने औपचारिक विस्तृत योजनाको लागि प्रतिबद्ध हुन्छ तब रद्द लाभलाई खर्चको रुपमा लेखाङ्कन गरिन्छ। अनावश्यक स्वैच्छिक रिडान्डन्सीहरूको लागि रद्द लाभलाई व्ययको रूपमा पहिचान र लेखाङ्कन गरिन्छ यदि बैंकले स्वैच्छिक रिडन्डन्सीको प्रस्ताव गरेको छ र यो प्रस्ताव स्वीकार गरिने सम्भावना छ, र स्वीकृतिहरूको संख्याको भरपर्दो अनुमान गर्न सकिन्छ। यदि सुविधाहरू रिपोटिंग मिति पछि १२ महिना भन्दा बढी भुक्तानयोग्य छन् भने, त्यसोभए उनीहरूको हालको मूल्यमा उनीहरूलाई Discount गरिन्छ।

## ३.१६ पट्टा

कुनै करारले प्रतिफल प्राप्त हुने गरी निश्चित अवधिको लागि सम्पत्तिको प्रयोगमा नियन्त्रण गर्ने अधिकार प्रदान गरेमा त्यस्तो करार पट्टा हुन्छ। करार लागु हुने मितिमा बैंकले सम्पत्तिको प्रयोगको अधिकार (Right-of-use asset) र पट्टा दायित्व (Lease liability) को पहिचान गर्दछ। त्यस्तो सम्पत्तिको प्रयोगको अधिकारको मापन लागतमा गरिन्छ भने पट्टा दायित्वको मापन भविष्यमा हुने पट्टा अन्तर्गतका भुक्तानीहरुलाई सापटिको दरले डिस्काउन्टिङ गरी गरिन्छ।

बैंकले श्रावण १ २०७८ देखि NFRS 16 "Leases" अनुसार पट्टा दायित्व (Lease liability) लाई भविष्यमा हुने पट्टा अन्तर्गतका भुक्तानीहरुको सापटिको दरले डिस्काउन्टिङ गरी वर्तमान मूल्यमा तथा लेखाङ्कन गरिएको छ। सो अनुरुप गत वर्षका मूल्यहरु पनि समायोजन गरिएको छ।

नाफा तथा नोक्सान विवरणमा गत वर्ष संचालन पट्टा खर्चलाई अन्य संचालन खर्चको रुपमा लेखाङ्कन गरिएकोमा यस वर्ष सम्पत्तिको प्रयोगको अधिकारको ह्रास खर्च र पट्टा दायित्वको व्याज खर्चको रुपमा लेखाङ्कन गरिएको छ। पट्टा दायित्वको मूल्याङ्कन गर्न सापटिको दरको निमित्त नेपाल राष्ट्र बैंकबाट तोकिएको स्थायी तरलता सुविधा दरलाई लिइएको छ।

## ३.१७ विदेशी मुद्रा कारोबार

**वित्तीय विवरणहरु नेपाली रुपैयाँ (रु.) मा उल्लेख गरिन्छ।**

विदेशी मुद्रामा भएका कारोबारहरु प्रारम्भिक रुपमा कारोबार भएको मितिमा प्रचलित सटही दरमा कार्यात्मक मुद्रामा लेखाङ्कन गरिन्छ। विदेशी मुद्रामा लेखाङ्कन गरिएका मौद्रिक सम्पत्ति र दायित्वहरु वित्तीय विवरण अवस्थिति मितिको कार्यात्मक मुद्रा सटही दरमा पुर्नरुपान्तरण गरिन्छ। यस्तो लेनदेनको बन्दोबस्तको परिणामस्वरूप विदेशी विनिमय लाभ र नोक्सान, र विदेशी मुद्रामा मूल्यहीन मौद्रिक सम्पत्ति र दायित्वहरूको वर्षको अन्त्यमा विनिमय दरबाट नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिन्छ।

गैर मौद्रिक सम्पत्ति र दायित्वहरु ऐतिहासिक मूल्यमा राखिएको छ भने ऐतिहासिक सटही दर अनुसार राखिन्छ वा fair value मा राखिएको छ भने वर्ष अन्त्यको सटही दरमा राखिन्छ र त्यसबाट प्राप्त हुने सटही लाभ वा नोक्सानलाई कि त नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ वा सम्पत्ति वा दायित्वमा भएको लाभ वा हानीको आधारमा अन्य विस्तृत आम्दानीमा राखिन्छ।

## ३.१८ वित्तीय जमानत र कर्जा प्रतिबद्धता

वित्तीय जमानत भनेको निर्दिष्ट ऋणी कर्जा उपकरणको सर्तहरू बमोजिम भुक्तानी गर्न असफल हुँदा बैंकले राख्नेलाई क्षतिपूर्ति दिन निश्चित भुक्तानी दिन आवश्यक पर्ने एक सम्झौता हो। कर्जा प्रतिबद्धताहरु भनेका पूर्वनिर्धारित सर्त बमोजिम कर्जा दिनुपर्ने थिर प्रतिबद्धता हो।

कर्जा प्रतिबद्धता भनेको त्यस्तो प्रतिबद्धता हो जहाँ बैंकले ग्राहकलाई कर्जा दिने उद्देश्य निश्चिन्त गरेको हुन्छ वा ग्राहकको तर्फबाट बैंकले कर्जा, ओभरड्राफ्ट, भविष्यको जमानत दिन प्रतिबद्धता जनाएको हुन्छ तर रिपोर्टिङ मितिमा बैंकले भुक्तानी दिएको हुन्न, त्यस्ता उपकरणहरु वित्तीय विवरणमा प्रतिबद्धताको रुपमा उल्लेख गरिन्छ।

## ३.१९ शेयर पूँजी र जगेडा कोष

उपकरणमा भएको सम्झौता सर्तमा भएको तत्व अनुसार बैंकले पूँजी उपकरण लाई वित्तीय दायित्व वा इक्विटी उपकरणको रुपमा वर्गीकरण गर्छ। सबै दायित्वहरु कटाएपछि बाँकी रहने बैंकको कूल सम्पत्तिमा बाँकी स्वार्थको रुपमा इक्विटीलाई परिभाषित गरिएको छ। साधारण शेयरलाई बैंकको इक्विटीको रुपमा वर्गीकरण गरिएको छ र त्यसको वितरणलाई विवरणमा इक्विटी विवरणमा परिवर्तनको रुपमा उल्लेख गरिन्छ।

